# नेपाल नगरपालिका संघ
# सातौं साधारण सभा

# प्रगती प्रतिवेदन

*२०७७ मंसिर, लाजिम्पाट, काठमाडौं*

## खण्ड १ : परिचय

# १.१ पृष्ठभूमि

वि.स. २०४६ सालको ऐतिहासिक जनआन्दोलनको परिणामस्वरुप नेपाली जनताले “नेपाल अधिराज्यको संविधान २०४७” प्राप्त गरेका थिए । संविधानको निर्देशक सिद्धान्तले विकेन्द्रीकरणको माध्यमबाट बढीभन्दा बढी नेपाली जनतालाई शासन-प्रक्रियामा संलग्न गराई राज्यको शासन व्यवस्था सुदृढ गर्ने बिषयलाई प्राथमिकता दिएको थियो । सोहीबमोजिम तत्कालिन संसदबाट “नगरपालिका ऐन, २०४९” निर्माण भएको र त्यसै बर्ष ३६ वटा नगरपालिकाहरुमा पहिलोपल्ट बालिक मताधिकारको आधारमा स्थानीय निर्वाचन सम्पन्न भएको थियो । स्थानीय निकायहरुलाई विकेन्द्रीकरणको मूलधारमा ल्याउने सन्दर्भमा एक समन्वयकारी र अभिभावकीय संस्थाको खाँचो महसुस भएबमोजिम नगर विकास प्रशिक्षण केन्द्र पोखरामा २०५० साल फागुन २७-२९ गते सम्पन्न भएको सबै नगरपालिकाका प्रमुख एवं उप-प्रमुखहरुको विशाल गोष्ठीले नेपाल नगरपालिका संघको स्थापना गर्ने प्रस्ताव तयार गरी फाल्गुन २९ गतेका दिन उक्त प्रस्ताव पारित भएको थियो ।

सेवा प्रवाहको माध्यमद्वारा साध्यका रुपमा भौतिक, मानवीय, सामाजिक लगायतका क्षेत्रमा विकास गरी जनतालाई सुखी र समृद्ध बनाउनु शासन व्यवस्थाको मुल ध्येय रहेको हुन्छ । यसका लागि नेपाल नगरपालिका संघले लोकतन्त्रको संस्थागत विकासलाई पहिलो सर्तका रुपमा स्वीकार गर्दै आएको छ । लोकतन्त्रको संस्थागत विकासका लागि तल्लो तहसम्म विधायिकी, कार्यकारी र न्यायिक अधिकार सहितको विकेन्द्रीकरणको कार्यान्वयन अनिवार्य माध्यम हो भन्ने कुरा आफ्नो मुल मान्यता नेपाल नगरपालिका संघले बनाउदै आएको छ । अधिकारको निक्षेपण (Devolution of State Power) सन्निकटताको सिद्धान्त (Principle of Subsidiarity) का आधारमा हुनुपर्छ भन्ने विषय नेपाल नगरपालिका संघको मान्यता रहँदै आएको छ । नगरपालिकाहरुलाई स्थानीय सरकारको रुपमा अधिकार सम्पन्न बनाउनु पर्छ भन्ने उद्देश्यका साथ स्थापनाकाल देखिनै राष्ट्रिय तथा अन्तर्राष्ट्रिय मञ्चहरुमा निरन्तर पैरवी र वकालती गर्दै आएको नेपाल नगरपालिका संघले स्थानीय स्वायत्त शासन ऐन, २०५५ र नियमावली, २०५६ को मस्यौदादेखि यसको कार्यान्वयनको तहसम्म खेलेको भूमिका महत्वपूर्ण छ । विशेषगरी नेपालको संविधान निर्माणका क्रममा यस संघले खेलेको भूमिका र २२ वटा एकल अधिकारको शुनिश्चितता सबैभन्दा महत्वपूर्ण उपलब्धीको रुपमा इतिहासमा अंकित भैसकेको छ । अबको चूनौती अवसर भनेको नगर सरकारहरुलाई प्राप्त २२ वटा एकल अधिकारको रक्षा र सफल कार्यान्वयन नै हो साथै नगरपालिकाहरुको संस्थागत विकास र प्रभावकारी सेवा प्रवाहको सुनिश्चितता कायय गर्नु रहेको छ, जसका लागि यस संघले ५ बर्षे रणनीतिक योजना अनुसार काम गरिरहेको छ ।

निर्णय प्रक्रियामा जनताको गुणात्मक सहभागिता, सहभागितामूलक योजना तर्जुमा र कार्यान्वयन, पारदर्शिता, अन्तरनिकाय समन्वय र सहकार्य, जवाफदेहीता, प्रभावकारी अनुगमन र सेवाग्राही र सेवा प्रदायक निकायहरुको क्षमता विकास जस्ता महत्पूर्ण अवयवहरुको विकास बिना विकेन्द्रीकरणको संस्थागत विकास कठिन हुन्छ भन्ने मान्यताका साथ स्थानीय स्वायत्त शासन ऐन, २०५५ मा भएको प्रावधान बमोजिम सम्माननीय प्रधानमन्त्रीको अध्यक्षतामा गठन भएको उच्चस्तरीय विकेन्द्रीकरण कार्यान्वयन तथा अनुगमन समितिमा रही नेपाल नगरपालिका संघले खेलेको भूमिका महत्वपूर्ण थियो ।

२०५९ साल असार मसान्तमा स्थानीय निकायका निर्वाचित पदाधिकारीहरुको म्याद समाप्त भए पश्चात् सवै स्थानीय निकायहरु करीब १४ बर्ष जनप्रतिनिधि विहिन हुन पुग्यो । यस अवधिमा संघको अधिबेशन समेत प्रभावित हुन गयो र लामो समय २०५८ वैशाख २७ र २८ गते पोखरामा सम्पन्न भएको संघको अन्तिम पाँचौ साधारण सभाद्वारा निर्वाचित पदाधिकारीहरुनै संघको बिधान २०५२ अनुरुप निरन्तरता पाई जिम्मेवारी

सम्हाल्दै आउनु भएको थियो । लामो समयपछि २०७३ सालमा स्थानीय तहको निर्वाचन भएपश्चात् बिधानतः संघको नयाँ कार्यसमिति निर्वाचन गर्नु पर्ने प्रावधान अनुसार सम्माननीय प्रधानमन्त्री श्री केपी शर्मा ओलीज्यूको प्रमुख्य आतिथ्यतामा २९३ नगरपालिकाका नगर प्रमुख र उप-प्रमुखहरुको सहभागितामा २०७५ भाद्र १२,१३ र १४ गते काठमाडौंमा सम्पन्न संघको छैठौं राष्ट्रिय अधिबेशनले ५० सदस्य कार्य समिति चयन गरेको छ। संघमा हाल १७ सदस्यीय केन्द्रीय पदाधिकारी र १७ सदस्यीय केन्द्रीय महिला पदाधिकारीज्यूहरु रहनु भएको छ । यसैगरी छैठौं राष्ट्रिय अधिवेशनबाट संघको संशोधीत विधानलाई गृह मन्त्रालय मार्फत मन्त्री परिषद्मा पारित गर्न पठाइएकोमा मन्त्रालयबाट सोधिएका प्रश्न र पटक पटकको प्रष्टिकरण पश्चात् २०७७ जेठ २२ गतेको  क्याविनेट बैठकबाट स्वीकृत भएको छ ।

संघको विधान शंसोधित बमोजिम नेपालको संघीय संरचना मुताबिक सात वटै प्रदेशमा संघका प्रदेश समितिहरु गठन भई प्रदेश कार्यालयहरु स्थापना गरिएको छ । नगर सरकारहरुलाई सबल, सक्षम र समुन्नत बनाउँदै स्थानीय सरकारको अबधारणालाई संस्थागत गर्ने दिशामा संघको भूमिकालाई अझ प्रभावकारी बनाउने उद्देश्यले संघको प्रदेश समिति गठन भई सातै प्रदेशमा कार्यालय समेत सञ्चालनमा आई सकेको छ । प्रदेश कार्यालयहरुको सञ्चालनको लागि प्रदेश प्रबन्धकहरुको नियुक्ति गरी क्रियाशिल समेत भईसकेको छ ।

बदलिँदो परिप्रेक्ष्यमा नेपालको संविधान २०७२ को मर्म र भावना अनुकूल संघीय लोकतान्त्रिक गणतन्त्रको मूल्य र मान्यता अनुरुप स्थानीय तह अन्तर्गतका नगरपालिकाहरुलाई प्राप्त भएको संवैधानिक अधिकार कार्यान्वयन गर्ने, स्थानीय सरकारको अवधारणालाई स्थानीय तहमा संस्थागत गर्न सहजीकरण गर्ने तथा संघीय सरकार, प्रदेश सरकार, सांसदहरु, अन्तर (प्रदेश परिषद् र प्रादेशिक समन्वय समिति समेतलाई नगरपालिकाहरु एवं समस्त नगरवासीहरुको अधिकतम हितका लागि आवश्यक सूचना, सल्लाह र सुझाव दिने कार्यमा नेपाल नगरपालिका संघको भूमिका बढोत्तरी भएको छ । यहि तथ्यलाई हृदयङ्गम गरी नेपाल नगरपालिका संघले "सबल¸ सुव्यवस्थित र समृद्ध नगरपालिका" भन्ने दीर्घकालीन सोंच (Vision) सहित आफ्नो रणनीतिक योजना तर्जुमा गरेको छ र नीतिगत वकालत तथा पैरबी¸ सूचना¸ सञ्जालीकरण र साझेदारी¸ प्राविधिक परामर्श र सहयोग¸ क्षमता अभिबृद्धि¸ अन्तर सरकार सम्बन्ध जस्ता संघको प्राथमिकताका ५ वटा मुख्य क्षेत्रहरु निर्क्यौल गरेको छ र अब सुस्पष्ट सोच¸ ध्येय¸ लक्ष्य¸ उद्देश्य र रणनीतिका साथ अगाडि बढ्ने जमर्को गरेको छ ।

पछिल्लो पटक नेपाल नगरपालिका संघको गते २०७७ श्रावण ११ गते बनेपामा कार्यसमिति बैठक बसेको थियो । तत् पश्चात् २०७७ कात्तिक २३ गते बसेको केन्द्रीय कार्य समितिको भर्च्युअल बैठकले सातौं साधारण सभा आगामि मंसिर २३ गते गर्ने निर्णय भयो । यसरी गत छैठौं राष्ट्रिय अधिवेसन पश्चात् यस संघका केन्द्रीय सचिवालय र प्रादेशिक कार्यालय मार्फत नगरपालिकाहरुका साझा मुद्दा र सवालमा मत्वपूर्ण कार्यहरु सम्पादन गरिएका छन् । ६ वटा प्रमुख कार्यक्षेत्र अन्तरगत सम्पन्न कार्यक्रम र गतिबिधि यस प्रकार रहेका छन् ।

## १.२ दुरदृष्टि, लक्ष्य, उद्देश्य र मूल्य मान्यताहरु

नेपाल नगरपालिका संघको दुरदृष्टि, लक्ष्य, उद्देश्य, नारा र संस्थागत मूल्य मान्यताहरु निम्नानुसार रहेका छन् ।

**दुरदृष्टि (Vision)**

सबल, सुव्यवस्थित र समृद्ध नगरपालिका

**लक्ष्य(Mission)**

नगरपालिकाहरूको संवैधानिक अधिकारको अभ्यास र रक्षाका लागि सञ्जालीकरण, सवलीकरण र सहकार्य गर्ने

**नारा(Slogan)**

शहरी सुशासनका लागि साझेदारी '

**संस्थागत मूल्य मान्यता (Corporate Values)**

- स्थानीय सरकारको पक्षमा प्रतिबद्ध ।
- पेशागत इमान्दारिता र नैतिक मूल्य-मान्यता ।
- सबै नगरपालिकाहरूलाई समानव्यवहार ।
- मितव्ययिता, पारदर्शिता, जवाफदेहिता र सहभागिता ।
- लैङ्गिक समानता तथा सामाजिक समावेशिता ।
- समन्वय, सहकार्य, साझेदारी र सञ्जालीकरण ।

**उद्देश्यहरु (Key Objectives)**

१. सङ्घीय तथा प्रादेशिक नीति तथा कानुनबाट नगरपालिकाको अधिकार सङ्कूचित हुन नदिई ती अधिकारको प्रभावकारी कार्यान्वयन गर्न सहजीकरण गर्ने ।

२. तीनै तहका सरकारका निकायहरूको सूचनामा पहुँच स्थापित गरी सरोकारवालाहरूसँग समन्वय सुदृढ र विद्यमान सञ्जालको विस्तार गर्ने ।

३. नगर सुशासन, समावेसी विकास र सेवाप्रवाहलाई प्रभावकारी बनाउननगरपालिकाहरू र साझेदारहरूबीचसहकार्य प्रवर्द्धन गर्ने ।

४. नगरपालिकाहरूलाई आवश्यक विषयमा प्राविधिक परामर्श र विशेषज्ञ सेवा प्रदान गर्ने ।


५.नेपालनगरपालिका संघको संस्थागतक्षमता बृद्धि गरी नगरपालिकालाई प्राप्तअधिकारको प्रयोगकालागिआवश्यक सीप र दक्षताअभिवृद्धिमा सघाउ पुऱ्याउने ।

६. संघ, प्रदेश र नगर सरकारबीचको सम्बन्धलाई सुमधुर र प्रभावकारी बनाउनसमन्वय र सहजीकरण गर्ने ।

७. नगर सुशासन, विकास र सेवा प्रवाहका समसामयिक सवालहरूमा अध्ययन, अनुसन्धान गर्ने ।

## १.३ नेपाल नगरपालिका संघको संगठन संरचना

नेपाल नगरपालिका संघको दुई किसिमको सङ्गठनात्मक संरचना रहेको छ : (१) नीति-निर्माण स्तरको (राजनीतिक नेतृत्व) सङ्गठनात्मक संरचना, (२) व्यवस्थापकीय (प्रशासनिक) सङ्गठनात्मक संरचना । राजनीतिक संरचनाले नीति-निर्माण, कार्यान्वयन, अनुगमन तथा मूल्याङ्कनमा नेतृत्वदायी भूमिका निर्वाह गर्दछ । नेपाल नगरपालिका संघको विधान २०५४ (पहिलो संशोधन २०७५) बमोजिमको राजनीतिक सङ्गठनात्मक संरचनालाई रेखाचित्रमा प्रस्तुत गरिएको छ ।





***नोट :***

- *कार्यसमितिमाप्रादेशिक सन्तुलन, दलीयप्रतिनिधित्व, महिलाहरूको प्रतिनिधित्वतथा समावेशीप्रतिनिधित्वको व्यवस्था रहेको ।*
- *अध्यक्ष, उपाध्यक्ष, महासचिव, उप-महासचिव, कोषाध्यक्ष र सह-कोषाध्यक्षमध्ये न्युनतम २ जनामहिलाअनिवार्य हुने ।*
- *निर्वाचितभई आउने कार्यसमितिमाकम्तीमा ३३ प्रतिशतमहिलाको प्रतिनिधित्वहुने ।*

*प्रदेश समितिमाकम्तीमा ३३ प्रतिशतमहिलाको प्रतिनिधित्व सुनिश्चितहुने ।*

नेपाल नगरपालिका संघको नीति-निर्माणकर्ता संरचनाबाट भएको निर्णयलाई व्यवस्थापकीय (प्रशासनिक) सङ्गठनात्मक संरचनाले कार्यान्वयन गर्ने गर्दछ । यसको विधान २०५४ (पहिलो संशोधन २०७५) बमोजिमको कार्यसम्पादन गर्न व्यवस्थापकीय (प्रशासनिक) संरचनालाई रेखाचित्रमा यसप्रकार प्रस्तुत गर्न सकिन्छ ।




## १.४ नेपाल नगरपालिका संघको प्रमुख कार्य क्षेत्र

नेपाल नगरपालिका संघका मुख्य कार्य क्षेत्रहरु ६ प्रकार रहेका छन् जुन यस प्रकार छन् :

१. नीतिगत वकालत तथा पैरवी(Policy Advocacy & Lobby)
२. सूचना, सञ्जालीकरण र साझेदारी(Media, Information, Networking & Partnership)
३. प्राविधिक परामर्श तथा सहयोग(Technical Advice& Support)
४. क्षमता अभिवृद्धि(Capacity Enhancement)
५. अन्तर्सैरकारी सम्बन्ध(Inter-governmental Relations)
६. अध्ययन, अनुसन्धान र विकास(Study, Research & Development)

## १.५ संघका संस्थागत विकासतर्फका कार्यहरु

- ***विद्यमान कर्मचारीको अवस्था***

हाल संघको केन्द्रीय कार्यालयमा कार्यकारी निर्देशक लगायत जम्मा १२ जना र प्रादेशिक कार्यालयहरुका ७ प्रबन्धकहरु सहित जम्मा १८ जना कर्मचारीहरु कार्यरत छन् । साथै संघको सातै प्रदेश कार्यालयमा संयुक्त राष्ट्रसंघीय स्वयम सेवकहरुको परिचालन गर्ने लक्ष्य अनुरुप क्रमश: हाल प्रदेश नं २, कर्णाली प्रदेश र सुदुर पश्चिम प्रदेशमा १/१ जना गरी जम्मा ३ जना UN Volunteer को व्यवस्था भई कार्य गरी रहनु भएको छ । यसैगरी संघको बिधान र रणनीतिक कार्य योजना र अनुरुप संघको केन्द्रीय कार्यालयमा कार्यरत कार्यकारी निर्देशक लगायतका कर्मचारीहरुको पद र कार्य विवरण समायोजन गरिएको छ ।

साथै विश्वव्यापी रुपमा फैलिरहेको कोरोना भाइरस COVID- 19 को महामारीबाट नेपालमा संक्रमण फैलिन नदिनका लागि मुलुक चैत्र ११ गते देखि लकडाउनको अवस्थामा रहेको विदितै छ। यस महामारीलाई नियन्त्रण गर्न स्थानीय सरकारको भूमिका झन उल्लेखनिय रह्यो । संघ, प्रदेश र स्थानीय सरकारका जनप्रतिनिधि लगायत कर्मचारीहरु र विभिन्न संघ संस्थाहरुसंग समन्वय र सहकार्य गरी महामारीलाई फैलिन नदिन सचेतीकरण, पूर्वाधार निर्माण र संभावित आपतकालिन अवस्थाको पूर्व तयारी, र नागरिकलाई राहत उपलब्ध गराउने जस्ता कार्यमा नेपाल नगरपालिका संघले महत्वपूर्ण भूमिका खेल्दै आएको अवगत गराउँदछु । साथै लकडाउनको अवस्थामा पनि संघका केन्द्रीय कर्मचारी र सातै प्रदेशका कर्मचारीहरुले घरमै बसेर संघ, प्रदेश, स्थानीय सरकारका जनप्रतिनिधि कर्मचारीहरु र विभिन्न राष्ट्रिय अन्तराष्ट्रिय संघ सस्था र विज्ञहरुसंग समन्वय र सहकार्य गरि कार्य संपादन हुँदै आएको छ ।

- **सामाग्री उपलब्धता**

संघका कर्मचारीहरुलाई लकडाउनको अवस्थामा घरमै बसेर काम गर्ने वातावरणलाई सहज बनाउनका विभिन्न दातृ संस्थासँग ल्यापटम माग गरिएकोमा हाल जि.आई जेडबाट २ वटा र यूएनडिपिबाट संघलाई ४ वटा ल्यापटप प्राप्त भएको छ र लकडाउनको अवस्थामा कर्मचारीहरुलाई घरमै बसेर काम गर्ने वातावरण सहज बनाउन र भर्चुअल मिटिङ्ग, विभिन्न प्रतिवेदन तयारी आदिमा सोको अधिकतम प्रयोग र परिचालन भैरहेको छ ।

- **संघको विधान तथा नियमावलीहरु**

  नेपाल नगरपालिका संघको गत राष्ट्रिय अधिवेशनबाट संशोधनका लागि प्रस्तावित विधानलाई गृह मन्त्रालय मार्फत मन्त्री परिषद्मा पठाइएकोमा मन्त्रालयबाट सोधिएका प्रश्न र पटक पटकको प्रष्टिकरण पश्चात् २०७७ जेठ २२ गतेको क्याविनेट बैठकबाट स्वीकृत भएको छ । सोहि विधानको अधिनमा रहि नेपाल नगरपालिका संघको कर्मचारी प्रशासन नियमावली तथा आर्थिक प्रशासन नियमावली समेत संशोधन गरिएको छ । यसै अनुरुप नेपाल नगरपालिका संघको (पहिलो संशोधन विधान) २०७७, नेपाल नगरपालिका संघको कर्मचारी प्रशासन (दोश्रो संशोधन नियमावली) २०७७ र नेपाल नगरपालिका संघको आर्थिक प्रशासन (पहिलो संशोधन नियमावली), २०७७ लाई अनुमोदनका लागि यस सभामा पेश गरिएको छ ।

- **संघको रणनीतिक कार्य योजना**

  संघको रणनीतिक कार्ययोजना (२०७६-२०८०) तयार भै छपाईको लागि पठाइएको छ । रणनीतिक कार्ययोजना (२०७६-२०८०) र नेपाल नगरपालिका संघको कर्मचारी प्रशासन (दोश्रो संशोधन नियमावली) २०७७ बमोजिम नयाँ सांगठनिक ढाँचा बमोजिम सवै कर्मचारीहरुको समायोजित नयाँ पद अनुसारको नियुक्ति पत्र तयार गरी दिइएको छ। ब्यक्तिगत कार्य विवरण परिमार्जित गरिंदै छ भने मासिक कार्य योजना तयार गरि कार्य सम्पादन गराइएको छ । कर्मचारीको क्षमता विकासका लागि विभिन्न तालिम, गोष्ठीहरुमा सहभागि गराउँदै आइएकोमा वर्तमान कोभिड-१९ को कारण निरन्तरता दिन सकिएको छैन ।

- **संघको संस्थागत दर्ता**

  यस संघ राष्ट्रिय निर्देशन ऐन २०१८ अन्तर्गत गठन भएकोमा हाल यो ऐन विस्थापित भैसकेको र अव उप्रान्त सबै गैरसरकारी संस्थाहरु संघ संस्था ऐन २०३४ वा सोहि प्रकृतीको ऐन तर्जुमा गरि

समायोजन गर्न लागेको बुझिएकोले माननीय गृह मन्त्री तथा गृह सचिवसँग भेट गरि संबैधानीक अधिकार भएका नगरपालिकाहरुको संघका लागि बैग्लै ऐनबाट संचालित हुन पाउनुपर्ने माग राखी संघको दर्ता र हैसियतको बिषययमा पटक पटक भेट गरी छलफल गरेपनि यो बिषय अझै पनि अन्यौल रहेको रहेको हुँदा यसका लागि संघको थप पहल गरिँदै छ।

- **संघको कानूनी व्यवस्था**

स्थानीय सरकार संचालन ऐन २०७४ हाल संशोधनको चरणमा रहेकोले स्थानीय सरकारका संघ/महासंघको ऐनमा व्यवस्था गर्न र स्थानीय सरकार संचालन ऐन २०७४ मा संशोधन गर्नुपर्ने तथा समावेश गर्नुपर्ने विषयहरुका बारेमा ७ वटै प्रदेशका नगरपालिकाहरुबाट प्राप्त सुझाव प्रतिक्रियाका आधारमा संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयमा प्रतिवेदन बुझाइएको छ । यद्यपी मागहरुको सम्बोधनका लागि अझ थप क्रियाशिलताको आवश्यकता रहेको छ ।

- **प्रदेश अधिवेशन:**

नेपाल नगरपालिका संघ सुदूरपश्चिम प्रदेशको प्रथम ऐतिहासिक अधिवेशन मिति २०७६ भाद्र ३० र ३१ गते डडेल्धुरामा सम्पन्न भएको थियो । अधिवेशनको उदघाटन सुदूरपश्चिम प्रदेशका माननीय मुख्य मन्त्री त्रिलोचन भट्टले गर्नु भएको थियो । बिभिन्न विकास साझेदारहरु, गाउँपालिका राष्ट्रिय महासंघ, जिल्ला समन्वय समिति महासंघका प्रतिनिधी तथा नेपाल नगरपालिका संघ केन्द्रिय अध्यक्ष, महासचिव र कार्यकारी निर्देशकको अधिवेशनमा आथित्यता रहेको थियो भने अधिवेशनमा सुदूरपश्चिम प्रदेश अन्तरगतका बिभिन्न नगरपालिकाहरुका प्रमुख तथा उपप्रमुखहरुको सहभागिता रहेको थियो । अधिवेशनले प्रदेशको बार्षिक नीति तथा कार्यक्रम, बजेट र स्थानीय सरकारका बिभन्नि सवालहरुमा प्रदेश तथा संघीय सरकारको ध्यानाकर्षण गर्नका लागि बिशेष प्रस्ताव पारित गरेको थियो ।

**उत्कृष्ट नगरपालिका पुरुस्कार (Municipal Excellence Award)**

नेपाल नगरपालिका संघले प्रत्येक बर्ष बार्षिकोत्सबको अवसरमा उत्कृष्ट कार्य गरेका नगरपालिकाहरूलाई विगत केहि बर्ष यता Municipal Excellence Award प्रदान गर्ने गरेकोमा २७ औं बार्षिकोत्सबको अवसरामा उक्त पुरस्कार दिन विज्ञहरुबाट बिभिन्न तीनवटा विधाहरुमा सूचक तयार गरि नगरपालिकाहरुबाट फारमको आधारमा विज्ञहरुद्वारा छोटो सूचिमा छनौट गरिएका नगरपालिकाहरुमा थप Verification पश्चात् उत्कृष्ट नगरपालिका छनौटको प्रक्रिया सम्पन्न गरियो । छनौट प्रक्रियाबाट उत्कृष्ट हुन सफल तीन नगरपालिकाहरुलाई नेपाल नगरपालिका संघको २०७७ श्रावण ११ गते बनेपामा बसेको कार्यसमिति बैठकले सार्वजनिक गरी पुरस्कृत गरेको थियो । सहभागि नगरपालिकाहरु मध्येबाट श्रोत परिचालन र वित्तिय व्यवस्थापनमा फलेबाँस नगरपालिका, योजना, बातावरण र संकटासन्नतामा निलकण्ठ नगरपालिका, सुशासन र सेवा प्रवाह अर्न्तगत बाँणगंगा नगरपालिकालाई उत्कृष्ट नगरपालिका पुरस्कार प्राप्त गरेका थिए ।

# खण्ड २:संघको कार्य क्षेत्र उपलब्धीहरु

***नेपाल नगरपालिका संघको रणनीतिक योजनाको कार्य क्षेत्र अन्तर्गत सम्पन्न क्रियाकलापहरु***

## *नीतिगत वकालत तथा पैरवी (Policy Advocacy& Lobby)*

- **प्रदेश समन्वय परिषद् तथा लेखा, सुशासन, बिधायन समिति कार्यविधि**
  स्थानीय सरकार संचालन ऐन २०७४ को दफा २२ अनुसार स्थानीय सरकारले लेखा, सुशासन, बिधायन लगायतका समितिहरुको नियमावली तयार गरी लागू गराउन सक्ने व्यवस्था बमोजिम यस संघबाट बिज्ञहरुको परिचालन गरी उक्त समितिका नमूना कार्यविधि तयार गरि नगरपालिकाहरुमा पठाइएको छ । थुप्रै नगरपालिकाहरुबाट सो नमुनाका आधारमा नियमावलि तयार गरि लागू समेत भैसकेका छन् ।

- **"नगरपालिकाहरुको दिसाजन्य लेदो ब्यबस्थापन सम्बन्धी नगरस्तरीय नीति तर्जुमा प्रारम्भिक मस्यौदा**
  संघद्वारा संचालित नगरपालिका संजालमा सरसफाई पैरवी परियोजना लागु भएका पाँच वटा नगरपलिका पलिकहरु मध्ये थप तिन नगरपालिका क्रमसः वालिंग, लमही र भीमदत नगरपालिकाको दिसाजन्य लेदो ब्यबस्थापन सम्बन्धी नगरस्तरीय निति तर्जुमा तथा सम्भाव्यता अध्ययन प्रारम्भिक कार्यक्रम सम्पन्न गरियो । नगरस्तरीय तहमा विभिन्न चरणमा छलफल भै सकेपछि अन्तिम मसौदा उपर बिषय बिज्ञ, प्रदेश ब्यबस्थापक लगायत अन्य सरोकारवालाहरु संग छलफल र सुझाब संकलन सम्पन्न भएको छ ।

- **कोरोना भाइरस (कोभिड(१९) संक्रमण रोकथाम तथा उपचार कोष सञ्चालन सम्बन्धी कार्यविधि, २०७६ (नमुना) निर्माण र वितरण**

कोराना माहामारि रोकथाम र नियन्त्रण गर्ने कार्यमा सम्पूर्ण नगरपालिकाहरु अग्र पङ्तीमा रही कार्य गरेको हुँदा हुँदै विपत ब्यवस्थापन कोष वा वेग्लै संक्रमण रोकथाम तथा उपचार कोष सञ्चालन कोष र कार्यविधि नबनाई खर्च गरिरहेका नगरपालिकाको बेरुजु हुन जाने भएको हुँदा संघ सरकारबाट परिपत्र भइरहेकोमा कोरोना भाइरस (कोभिड(१९) संक्रमण रोकथाम तथा उपचार कोष सञ्चालन सम्बन्धी कार्यविधि, २०७६ (नमुना) निर्माण र वितरण गरिएको थियो ।

- **स्थानीय तहसँग बाझिएका ऐन कानुन सम्बन्धमा**

स्थानीय सररकार संचालन ऐन २०७४ मा संशोधन गर्नुपर्ने तथा समावेश गर्नुपर्ने विषयहरुका बारेमा ७ वटै प्रदेशका नगरपालिकाहरुबाट प्राप्त सुझाव प्रतिक्रियाका आधारमा संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयमा प्रतिवेदन बुझाइएको छ ।  संघ प्रदेश र स्थनीय तहमा बाझिएका ऐन कानूनका बिषयमा विभिन्न मिति र समयमा २०७७ मंसिर ११ गते देखि १८ गते सम्म सातवटै प्रदेश अन्तर्गतका नगरपालिकाका प्रमुख, उप प्रमुख र बिधाय समितिका संयोजका एवं कर्मचारीहरुको उपस्थितिमा भर्च्युअल वेनिनार सम्पन्न भएको र उक्त कार्यक्रमबाट प्राप्त सुझावहरु सहित विज्ञहरुको सल्लाह बमोजिम सम्बन्धित ठाउँमा पैरवीका लागि तयारी भइरहेको छ ।

- **ऐन,कानुनहरुमा राय, सुझाव, प्रतिक्रिया**
  - वन ऐन २०७६
  - उर्जा दक्षता र संरक्षण विधेयक
  - प्रदेश स्तरीय लोकसेवा ऐन
  - बिद्यालय शान्तिक्षेत्र राष्ट्रिय ढाँचा र कार्यान्वयन निर्देशिका २०६८ मा पुनरावलोकन
  - संयुक्तराष्ट्र संघ सुरक्षा परिषद् प्रस्ताव नं १३२५/१८२० को राष्ट्रिय नीति निर्माण

- राष्ट्रिय शिक्षा नीति २०७६
- संघ, प्रदेश र स्थानीय तह अन्तरसम्बन्ध व्यवस्थि गर्न बनेको ऐन
- उपभोक्ता समितिबाट निर्माण कार्य गराउदा अपनाउनुपर्ने कार्यविधि, २०७६ मस्यौदा श्री नेपाल सरकार प्रधानमन्त्री तथा मन्त्री परिषद्को कार्यालय
- संघ, प्रदेश र स्थानीय तहको लागत साझेदारीमा आधारीत व्यवसायिक तथा सिप विकास तालिम -व्यवस्थापन तथा संचालन कार्यविधि २०७७
- प्रस्तावित खाद्य अधिकार तथा खाद्य सम्प्रभुता सम्बन्धि नियमावली, २०७७

- ***कोरोना भाइरस महामारी नियन्त्रणमा संघको पहल***

- नेपालमा कोरोना भाइरस (COVID- 19) को महामारी संक्रमण दिनानुदिन फैलिंदै गएको र मानवीय क्षती समेत भईरहेकोले यस रोगलाई फैलिन नदिन एवं नियन्त्रणका लागि सचेतीकरण, पूर्वाधार निर्माण एवं अप्रत्यासित खर्चका लागि विपत कोषको व्यवस्थापन गरि श्रमिक तथा असहायहरुलाई राहत, विदेशबाट आएका नागरिकहरुलाई राख्न क्वारेन्टिन तथा आइसोलेसन वार्ड, स्वास्थ्य सेवा, पि.पि.इ, औषधी, बजार ब्यवस्थापन लगायतका कार्य र यस रोगको न्यूनिकरणका लागि संघ र प्रदेश सरकारसँग अतिरिक्त बजेट ब्यवस्थापनका लागि संघ, प्रदेश र विभिन्न दातृ निकायहरुसँग सहकार्यका लागि नेपाल नगरपालिका संघले विभिन्न विज्ञप्ति र ध्यानाकर्षण गरी पहल गरिरहेको छ। कोरोना भाइरस (कोभिड(१९) संक्रमण रोकथाम तथा उपचार कोष सञ्चालन सम्बन्धी कार्यविधि, २०७६ (नमुना) निर्माण र वितरण गरी नगरपालिकाहरुमा कोभिड विरुद्ध अभियानमा एक्येबद्धता जनाएको थियो ।

**प्रेस विज्ञप्ति, ध्यानाकर्षण र पत्राचार**

- **सम्माननीय प्रधानमन्त्रीज्यूलाई नेपाल नगरपालिका संघले लकडाउन अबधिमा गरेका विविधि गतिविधिर अनुरोध**
  सम्पूर्ण मानव समुदायनै कोरोना भाइरस (कोभिड१९) को महामारीको विरुद्धमा जुटिरहेको अवस्थामा नेपाल नगरपालिका संघले यसको नियन्त्रण र व्यवस्थापनको लागि संघ, प्रदेश र स्थानीय सरकारसँग समन्वय र सहयकार्य गर्दै खटिरहेका सन्दर्भमा संघले लकडाउन अबधिमा गरेका विविधि गतिविधि व्यहोरा अवगत गराउँदै थप सहयोग समपुरक र विशेष अनुदानका लागि सम्माननीय प्रधानमन्त्रीज्यूलाई २०७७ जेष्ठ २३ गते संघका संघका अध्यक्ष पदाधिकारी र लगायत कार्यकारी निर्देशकले भेट गरी ज्ञापन पत्र बुझाइयो ।

- **माननीय अर्थमन्त्रीज्यूलाई ध्यानाकर्षण**
  आ.ब ०७७/८८ का लागि सम्माननीय राष्ट्रपति ज्युबाट नीति तथा कार्यक्रमको घोषण भइसकेको सन्दर्भमा निर्वाचन क्षेत्र विकास कोष खारेज गरी पुर्वाधार विकास र नगरिकहरुसंग प्रत्यक्ष रुपमा सरोकार राख्ने स्थानीय सरकारको भुमिका बृद्धि गर्न र तीनै तहका सरकारहरुको समन्वयमा स्रोतको समुचित परिचालन गर्ने बातावरण तयार गर्न र कोरोना संक्रमण नियन्त्रण गर्न बहुबर्षीय र गत आ.व.मा सम्पन्न हुन नसक्ने योजनाको निरन्तरताका लागि बजेट सहित समयाबधि थप लगायतका बिषयमा विकासका योजना कार्यान्वयन गर्नका लागि मानानीय अर्थ मन्त्रीज्युको ध्यानाकर्षण गराए

पछि योजना सम्पन्न गर्ने म्याद ६ महिना थप गर्ने र फिर्ता भएको रकम वा दायित्व सृजना भएको रकमको लागि मन्त्रालयले थप स्रोतको व्यवस्थ गर्न प्रयत्न गरेको पत्र प्राप्त भएकोले सो को लागि पहल भैरहेको छ ।

- **बागमती प्रदेश माननीय मुख्य मन्त्रीज्यूलाई आवश्यक सहकार्य र सहयोगको लागि पत्राचार**
  कोभिड-१९ रोगको संक्रमण रोकथाम र नियन्त्रणमा राहत र अन्य आवश्यक स्रोत व्यवस्थापन गर्न संघले २०७६ चैत्र २६ गते पत्राचार मार्फत बागमती प्रदेश माननीय मुख्य मन्त्रीज्यूलाई बजेट बिनियोजन, आवश्यक मात्रामा पि.पि.इ लगायत स्वास्थ्य सामग्रीहरु, क्वारेन्टिन र आईसोलेसन वेडहरुको व्यवस्थापन र राहत बितरणमा र अनुगमनमा खटिने जनप्रतिनिधिहरु बिमाको व्यवस्थाको लागि अनुरोध गरियो ।

- **नेपाल सरकार तथा प्रदेश सरकारहरुलाई ध्यानाकर्षण**
  कोरोना भाइरस (कोभिड-१९) को महामारी संक्रमण वर्तमान चुनौतीलाई हल गर्न तिनै तहका सरकारको साझेदारीमा संघले ५०% प्रदेशले ३०% र स्थानीय तहले २०% को अनुपातमा आवश्यक रकम विनियोजन गरि परिचालन गर्न नेपाल सरकार र प्रदेश सरकारलाई २०७७/०२/१५ गते ध्यानाकर्षण गराइयो ।

- **नेपाल नगरपालिका संघको पदाधिकारीहरुको बैठक र ध्यानाकर्षण**
  नेपाल नगरपालिका संघका पदाधिकारी एवं प्रदेश समिति संयोजकहरु मिति २०७६ चैत्र २४ गते वैठक बसी कोरोना भाइरस (कोभिड१९) रोकथाम नियन्त्रण र व्यवस्थापनका लागि आ-आफ्नो प्रदेश तथा सम्बन्धित नगरपालिकामा क्वारेन्टीन व्यवस्थाप, आवश्यक स्वास्थ्य सामाग्री पि.पि.इ अभाव, जनशक्ति व्यवस्थान, पूर्व तयारी, भईरहेका प्रयास, चुनौती र अवसर सम्बन्धमा समेत गहन छलफल गरी प्रदेश तथा संघ सरकारलाई ध्यानाकर्षण गराइयो ।

- **कोरोना भाइरस COVID- 19 सक्रमण रोकथाम, नियन्त्रण र आवश्यक विवरण माग**
  २०७६ चैत्र १ गते देखि तेस्रो मुलुक र छिमेकी मुमुलकबाट नेपाल आएका नागरिकहरुको विवरण, स्वास्थ्य अवस्था र उनीहरुसँगै आएका अन्य साथीहरुको अद्यावधिक विवरण, क्वारेन्टीन र आइसोलेसन वार्डहरुको उचित व्यवस्थापन गर्न र नगरपालिकाहरुले कोभिड नियन्त्रणका लागि गरिएका अनुकरणीय कामको अद्यावधिक विवरण र उत्कृष्ट फोटोहरु संकलन गरि संघको त्रैमासिक बुलेटिनमा प्रकाशन र वितरण गरिएको थियो ।

- **सामाजिक सुरक्षा भत्ता सम्बन्धमा**
  ८ जेष्ठ २०७७ नेपाल नगरपालिका संघले विज्ञप्ति मार्फत ६० बर्ष मुनिका एकल महिला र निलो कार्ड भएका अति अशक्त र अपांगले प्राप्त गर्दै आएको सामाजिक सुरक्षा भत्ता निरन्तरता दिन दिन नेपाल सरकार समक्ष ध्यानाकर्षण गराएको थियो । फलस्वरुप नेपाल सरकारले सो निर्णय सच्याएको छ ।

- **समपुरक र विशेष अनुदान तर्फका आयोजनहरुको विवरण माग**
  नेपाल सरकार तथा प्रदेश सरकारहरुबाट स्थानीय सरकारहरुका लागि आ.व.२०७६/७७ को लागि समपुरकअनुदान तथा विशेष अनुदान शिर्षक अन्तर्गत प्राप्त आयोजनाहरु मध्ये कोरोना भाइरसको संक्रमणबाट सृजित समस्याको कारण चालु आ.व. मा खर्च हुन नसकेको रकम आगामी आ.व. मा खर्च गर्नसक्ने गरी श्रोतको सुनिश्चिततागर्न वाआयोजना सम्पन्न गर्ने समयावधि

थप गर्ने व्यवस्था मिलाउन नेपाल नगरपालिका संघले नेपाल सरकारका तत्कालिन अर्थमन्त्री माननीय श्रीयुवराज खतिवडालाई भेट गरी ध्यानाकर्षण गराएको थियो । सम्पूर्ण महानगर/उपमहानगर र नगरपालिकाहबाट नेपाल सरकार र प्रदेश सरकारबाट प्राप्त समपुरक र विशेष अनुदानका आयोजनाहरुको यथार्थ विवरणहरु माग गरी उपरोक्त आयोजनाहरुको म्याद थप वा श्रोतको सुनिश्चितताका लागि पहलकदमी गर्न नेपाल सरकार समक्ष पहलकदमी गरिएको थियो

- **भिडियो कन्फरेन्स बैठक**
- नेपाल नगरपालिका संघले कोरोना नियन्त्रण र व्यवस्थापनका लागि संघ प्रदेश र स्थानीय सरकार लगायत स्थानीय सरकारका संघ/महासंघ र विभिन्न संघ संस्थाले के कसरी कार्य गरिरहेका छन् भन्ने बिषयमा संघको केन्द्रीय पदाधिकारी एवं प्रदेश स्तरीय अनुभव आदान प्रदान र महामारी नियन्त्रणका लागि नगरपालिकाहरुको साझा धारणा निर्माण सम्बन्धी छलफल र बैठक गरिरहेको छ ।
- यसै गरी महामारी नियन्त्रण र संघको गतिबिधिलाई अगाडि बढाउनको लागि संघका केन्द्रीय पदाधिकारी, प्रदेस कार्य समिति, केन्द्रीय र प्रदेश कर्मचारी एवं यूएनभी भोलिन्टिएर र प्रादेशिक नगर अध्ययन केन्द्रका फोकल पर्सनहरुका बीचमा नियममित बैठक बस्ने गरिएको छ
- **प्रदेश कार्य समितिको भर्चुअल वैठक सम्पन्नः**
  नेपाल नगरपालिका संघ सात वटै प्रदेश कार्यसमितिको प्रदेश स्तरीय भर्चुअल वैठक विभिन्न मितिमा सम्पन्न भक्ष्एको छ । विभिन्न मितिमा सम्पन्न भएको वैठकमा विशेष गरेर COVID-19 नियन्त्रण र व्यवस्थापन गर्ने भन्ने विषयमा केन्द्रीत रहेर छलफल भईरहेको छ ।
- **COVID 19 महामारी सम्बन्धी संघद्वारा Pilot नगरपालिकाहरु र red zone नगरपालिकाहरुलाई सहयोग**
  बिश्व महामारीको रूपमा फैलिएको COVID 19 को उचित रोकथाम गर्न यस परियोजना अन्तरगत संघले Pilot नगरपालिकाहरु र red zone नगरपालिकाहरुलाई PPE support सहयोगार्थ संघको प्रदेश कार्यालयले संक्रमित स्थानको पहिचान गरी सहयोग हस्तान्तरण गरिँदै आएको छ । pilot नगरपालिकाहरुको हकमा परियोजनको प्राबिधिक साझेदार संस्था बाताबरण तथा जनस्वास्थ संस्था (एन्फो)ले PPE Support प्रदान गरेको छ ।
- **कोरोना रोकथाम कोषमा सहयोग**
  नेपाल नगरपालिका संघका केन्द्रिय तथा प्रदेश कार्यालयका कर्मचारीहरुले नेपाल सरकारले स्थापना गरेको कोरोना रोकथाम तथा नियन्त्रण कोषमा आफ्नो मासिक तलबको पाँचदिन बराबरको रकम प्रदान गरेको छ ।

**प्रेस विज्ञप्ति, ध्यानाकर्षण र पत्राचार**

- नेपाल नगरपालिका संघले कोरोना महामारी नियन्त्रण र ब्यवस्थापनको लागि संघ प्रदेश र स्थानीय सरकार समक्ष महत्वपूर्ण विषयमा जस्तैः विपत जोखिम सतर्कता र पूर्वतयारी, विपत जोखिम व्यवस्थापन तयारीमा अग्रसरता र आवश्यक नियन्त्रण, विदेशबाट फर्केका नेपालीको विवरण, क्वारेन्टीन व्यवस्थापन र राहत वितरण, कोभिड रोकथाममा नगरपालिकाले गरेका अनुकरणीय कामको विवरण र फोटो संकलन, माननीय अर्थमन्त्रीलाई आ.व. ०७७/७८ को संसदमा पेश गरेको बजेटको सन्दर्भमा, असंगठित क्षेत्रमा कार्यरत श्रमिक तथा असक्षमहरुलाई उपलब्ध गराउने राहत सम्बन्धी मापदण्ड २०७६, सांसद विकास कोषको रकम, निर्वाचित जनप्रतिनिधि माथि भएका आक्रमण लगायतका

महत्वपूर्ण बिषयमा पत्राचार, प्रेस विज्ञप्ति र ध्यानाकर्षण गरेको थियो ।

- कोभिड १९ रोकथामा तथा नियन्त्रणका लागि आवश्यक थप आर्थिक तथा अन्य सहयोगका लागि बागमती प्रदेश सरकार समक्ष पत्राचार गरिएको थियो ।

- संघले स्थानीय सरकारका एकल अधिकारका सन्दर्भमा संघ तथा प्रदेश सरकारका तर्फबाट अधिकार प्रयोगमा भएको कानुनी बाधा अड्चनका सन्दर्भमा बाग्मतीप्रदेशका मुख्य मन्त्री माननीय डोर मणि पौडेलज्यूलाई ध्यानाकर्षण पत्र बुझाएको थियो ।

- नेपाल नगरपालिका संघ बाग्मती प्रदेश, प्रदेश समिति र गाँउपालिका राष्ट्रिय महासंघ नेपाल बाग्मती प्रदेश, प्रदेश समिति वीच संयुक्त बैठक बाग्मती प्रदेशको राजधानी हेटौंडामा सम्पन्न गरी मिति २०७५ साल चैत्र १७ गते आएको हावा हुरीका कारण प्रदेश नं. २ का बारा , पर्सा लगाएत अन्य जिल्लाहरुमा भएको मानवीय तथा भौतिक क्षतिप्रति शोक प्रस्ताव पारित गर्ने निर्णय गरिएको साथै विपद्को दुखद् घडिमा पिडित समुदायलाई आवश्यक सहयोग गर्न बाग्मती प्रदेश अर्न्तगतका नगरपालिका र गाउँपालिकाहरुलाई अनुरोध गरिएको ।

- संविधान प्रदत्त स्थानीय सरकारका अधिकारका सन्दर्भमा विभिन्न किसिमका गोष्ठी तथा कार्यक्रममा सहभागी भई बाझिएका कानुन, सहकार्य र समन्वयको अभावमा परेका समस्या, कर्मचारी समायोजन लगाएतका बिषयमा रहेका जटिलता आदिबारे पृष्ठपोषण गरीएको साथै केन्द्रिय कार्यसमिति समक्ष जानकारी गराई बैठकमा छलफल गरीएको थियो ।

- नेपाल नगरपालिका संघ र गाउँपालिका राष्ट्रिय महासंघको संयुक्त बैठक मिति २०७६ कार्तिक २९ गतेका दिन सम्पन्न भएको थियो । सो बैठकले कालापानी लिपुलेक र लिम्पियाधुराको सिमा सम्बन्धी बिवाद लगाएतका १२ वटा बुदामा साझा धारणा निर्माण गरी मिति २०७६ कार्तिक ३० गते पत्रकार सम्मेलन मार्फत आफ्ना धारणा सार्वजनिक गर्नुका साथै सो ध्यानाकषर्ण पत्र सुदूरपश्चिम प्रदेश प्रमुख माननीय त्रिलोचन भट्ट समक्ष पेश गरिएको थियो ।

- मिति २०७७ जेठ ६ गते कोभिड १९ महामारीको व्यवस्थापनका लागि प्रदेश सरकारबाट गरिएका अपेक्षाहरु बारे नगरपालिकाहरुको साझा धारणा बनाई नगरपालिका संघले माननीय मुख्यमन्त्री समक्ष ७ बुदे ध्यानाकर्षण पत्र पेश गरेको थियो ।

- प्रदेश सरकारलाई ध्यानाकर्षण पत्र बुझाएको: अहिलेको महामारीको व्यवस्थापनका लागि प्रदेश सरकारबाट गरिएका अपेक्षाहरु बारे नगरपालिकाहरुको साझा धारणा बनाई नगरपालिका संघले माननीय मुख्यमन्त्री समक्ष ७ बुदे ध्यानाकर्षण पत्र पेश गरेको छ ।

- स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा १०४ ले निर्दिष्टगरेको तथा नेपाल सरकार मन्त्री परिषद्को मिति २०७४ चैत्र १४ को निर्णय बमोजिम स्थानीय तहमा रहेका सम्पूर्ण सरकारी कार्यालयहरुको नाममा रहेका सम्पत्ती सम्बन्धित स्थानीय तहलाई हस्तान्तरण गर्ने व्यवस्थालाई अक्षुण्ण राख्न प्रदेश सरकार र संघीय सरकारको ध्यानाकर्षण गरेको।

- कर्मचारी समायोजनको सिलसिलामा नेपाल सरकारले स्वीकृत गरेको दरबन्दीभन्दा बढी संख्यामा कर्मचारीहरु पठाई दिने र जबरजस्ती नियुक्त गर्न दवाव दिने अवस्थालाई अन्त्य गरी कर्मचारी नियुक्त गर्नु पूर्व दरबन्दी स्वीकृत गर्ने व्यवस्था मिलाउन सम्बन्धित निकायलाई पत्राचार गरेको।

- स्थानीय सरकार सञ्चालन ऐन, २०७४ (पहिलो संशोधन) मा संशोधन भई व्यवस्था भएका वन, सामाजिक संघ संस्था, घरेलु तथा साना उद्योग सम्बन्धी स्थानीय तहलाई प्रदान गरेको अधिकार हालसम्म पनि कार्यान्वयन गर्न संघीय सरकारले पहल नगरी राखेको हुँदा तत्काल कार्यान्वयनको व्यवस्था गरी दिन संघीय सरकार समक्ष माग गरेको।

- नेपालको संविधानको अनुसूची ८ मा स्थानीय तहलाई प्रदत्त अधिकारहरु मध्ये माध्यमिक तहसम्मको शिक्षा स्थानीय तहले सञ्चालन गर्नु पर्नेमा विद्यालय तहमा स्थानीय तहले संविधान अनुरुपको अधिकार उपयोग गरी काम गर्ने वातावरण नभएको हुँदा संविधान प्रदत्त अधिकारलाई निर्वाध रुपमा उपभोग गर्ने वातावरण निर्माण गर्नको लागि शिक्षा ऐन निर्माण गरी लागू गर्न अनुरोध गरेको।

- "उपभोक्ता समितिबाट निर्माण कार्य गराउदा अपनाउनुपर्ने कार्यविधि, २०७६" मस्यौदा उपर श्री नेपाल सरकार प्रधानमन्त्री तथा मन्त्री परिषद्को कार्यालय सार्वजनिक खरिद अनुगमन कार्यालय ताहाचल, काठमाडौं, नेपाल मा लिखित पत्र प्रेषणमा मिति २०७६/०४/१४ च.नं ८२ को पत्र अनुसार "उपभोक्ता समितिबाट निर्माण कार्य गराउँदा अपनाउनुपर्ने कार्यविधि, २०७६" मस्यौदा उपर राय/ सुझाव माग भई आएकोमा स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ७४ को उपदफा (२) बमोजिम संघीय सार्वजनिक खरिद ऐनको अधिनमा रहि गाउँपालिका तथा नगरपालिकाले सार्वजनिक खरिद नियमावली बनाई लागू गर्न सक्नेछ भन्ने स्पष्ट व्यवस्था भएको हुँदा उक्त मस्यौदा उपर राय/ सुझाव पठाईरहन आवश्यक नपर्ने व्यहोरा निर्णयानुसार अनुरोध छ भनि पत्र पठाइएको ।

- शिक्षा सम्बन्धि कानुनलाई संशोधन र एकिकरण गर्न बनेको विधेयक सम्बन्धमा शिक्षा मन्त्री, प्रधानमन्त्री लगाएत अन्य राजनैतिक दलका नेताहरुलाई सुझाव सहितको ज्ञापन पत्र प्रदान ।

- स्थानीय सरकार संचालन ऐन २०७४ माथिको संशोधनका लागि लिखित रुपमा सझावका लागि प्राप्त पत्रका आधारमा लिखित रुपमा नै सझाव व्यक्त ।

- संघ, प्रदेश र स्थानीय तहलाई समन्वय गर्न बनेको विधेयक २०७६ का सम्बन्धमा सुझाव प्रदान ।

**नीति तथा कार्यविधि निर्माण**

- प्रदेश समन्वय परिषद् तथा लेखा, सुशासन, बिधायन समिति कार्यविधि :प्रदेश तथा स्थानीय तहले गर्ने काम कारवाहीमा नीतिगत सामञ्जस्यता, योजना व्यवस्थापनमा रणनीतिक साझेदारी, साझा अधिकारक्षेत्रको प्रयोग, प्राकृतिक स्रोत साधनको उपयोग र बाँडफाँड सम्बन्धी बिषयमा प्रदेश सरकार र स्थानीय सरकारबीच समन्वय कायम गर्न प्रदेश समन्वय परिषद् रहने व्यवस्था स्थानीय सरकार संचालन ऐन २०७४ को दफा १०५ को अधिकार प्रयोग गरी प्रदेश समन्वय परिषद् (सञ्चालन तथा व्यवस्थापन) सम्बन्धी कार्यविधि, २०७६ को मस्यौदा तयार गरिएको र सातै प्रदेशमा पृष्ठपोषणको लागि अभिमूखिकरण गर्ने कार्य सम्पन्न गरिएको छ। त्यसैगरी सोही ऐनको दफा २२ अनुसार स्थानीय सरकारले लेखा, सुशासन, बिधायन लगायतका समितिहरुको नियमावली तयार गरी लागु गराउन सक्ने व्यवस्था बमोजिम यस संघबाट बिज्ञहरुको परिचालन गरी उक्त समितिका कार्यविधि तयार गरिएको छ ।

- नगरपालिका योजना तर्जुमा दिग्दर्शन : स्थानीय तह बिशेषत नगरपालिकाहरुलाई संविधानतः प्राप्त एकल अधिकारक्षेत्रको बिकास योजना तर्जुमा गर्ने सम्बन्धमा आवश्यक ज्ञान, सूचना, प्रविधि र प्राविधिक

सहयोगका साथै योजना तर्जुमा गर्दा ध्यानमा राख्नु पर्ने बिषय तथा क्षेत्र, योजना तर्जुमा बिधि, प्रक्रिया सम्बन्धमा सामान्य जानकारी गराउने उद्देश्यले नेपाल नगरपालिका संघलनगरपालिकाहरुका लागि योजना तर्जुमा दिग्दर्शन तयार गरेकाछ ।

- मार्ट सिटी सुचक निर्माण : व्यवस्थित र योजनाबद्ध शहरी विकास गरी प्रविधिको उचित प्रयोगद्वारा सेवा सुबिधाकोसहज प्रवाह र पहुँच बढाउन स्मार्ट सिटी अवधारणा अहिलेको आबश्यकता रहेको सन्दर्भमा नेपाल नगरपालिका संघले स्मार्ट सिटी सुचकहरु निर्माण गरेकोछ ।
- कोरोना भाइरस (कोभिड(१९) संक्रमण रोकथाम तथा उपचार कोष सञ्चालन सम्बन्धी कार्यविधि, २०७६ (नमुना)निर्माण र वितरण: नगरपालिका क्षेत्रभित्र गैरप्राकृतिक विपद् कोरोना भाइरस (कोभिड( १९) बाट हुन सक्ने जोखिम न्यूनीकरण तथा व्यवस्थापनका लागि स्थापना भएको कोरोना भाइरस संक्रमण रोकथाम, नियन्त्रण तथा उपचार कोषको सञ्चालन सम्बन्धी कार्यविधि बनाउन वाञ्छनीय भएकाले नेपाल सरकार (मन्त्रीपरिषद) को मिति २०७६ चैत्र १६ गतेको निर्णय बमोजिम नेपाल सरकार अर्थ मन्त्रालयबाट कोभिड १९ को कारण प्रभावित क्षेत्रहरुका लागि राहत सुविधा प्रदान गर्ने नेपाल सरकार, मन्त्रिपरिषदको निर्णय कार्यान्वयन कार्ययोजना, २०७६ को बुँदा (ज्ञ) को (४) बमोजिम तथा नगरपालिका को विपद् न्यूनीकरण तथा व्यवस्थापन ऐनले दिएको अधिकार प्रयोग गरी कार्यपालिकाले पारित गरी लागू गर्नका लागि नमूना कार्यविधि बनाई वितरण गरिएको छ ।
- दिसाजन्य लेदो ब्यबस्थापन निति:संघले संचालन गर्दै आइरहेको दिसाजन्य लेदो ब्यबस्थापना सम्बन्धी परियोजना "दक्षिण एसियाली नगरपालिका संजालमा सरसफाई पैरवी परियोजना " अन्तर्गत ५ वटै पारियोना लागु भएका नगरपालिकाहरु लहान, धुलिखेल, वालिङ, लमही र भीमदतको नगरस्तरीय दिसाजन्य लेदो ब्यबस्थापन निति तयार गरी सम्पूर्ण नगरपालिकाहरुलाई हस्तान्तरण गरेको छ । विभिन्न तहमा नगरपालिका, सरोकारवाला निकाय व्यक्तिहरु तथा बिषय बिज्ञहरुको छलफल अन्तरक्रियाबाट अन्तिम स्वरूप दिईएको यस निति राष्ट्रिय स्तरमै पहिलो निति हो । हाल भीमदत नगरपालिकाले आफ्नो छैठौ नगर सभाबाट यस नीतिलाई अनुमोदन पनि गरिसकेको छ ।

### कार्यशालातथा अन्तरक्रिया कार्यक्रम

- अन्तरसरकार सम्वाद कार्यक्रम:नेपालको संविधानले संघिय सरकार, प्रदेश सरकार तथा स्थानीय सरकारबीच सहकार्य,समन्वय र सहअस्तित्वलाई प्राथमिकता दिइएको छ ।संबिधानले निर्दिस्ट गरे अनुसारको साझा अधिकारको बिषयमा छलफल गरि यस बिषयमा सरकारहरुबिच ब्याप्त भ्रम तथा संभावित बिबाद हटाउने र यस्ता विवाद हटाउने संयन्त्र पहिल्याउने उद्देश्यसहित सातैवटा प्रदेशमा प्रदेश स्तरीय संवाद कार्यक्रमसम्पन्न गरेको थियो ।
- WASH मेला :बिश्व बाताबरण दिवस तथा २० औ राष्ट्रिय सरसफाई सप्ताहको अवसरमा नेपाल नगरपालिका संघले खानेपानी सरसफाई र स्वास्थ्य क्षेत्रमा कार्यरत मन्त्रालय, बिभाग, अन्तर्राष्ट्रिय गैर सरकारी संस्था , गैर सरकारी संस्था एव अन्य संस्थाहरु लगायतका सहभागितामा माननीय खानेपानी मन्त्री बिना मगरज्यू को प्रमुख आथित्यमा WASH मेला २०७६ जेष्ठ २५ र २६ गते बसन्तपुर काठमाण्डौमा भव्यताका साथ सम्पन्न गरेको थियो ।

"संघ प्रदेश स्थानीय सरकार , पूर्ण सरसफाई समृद्धिको आधार" भन्ने मूल नाराका साथ सुरुभएको २० औ रास्ट्रिय सरसफाई सप्ताह को एक मुख्य कार्यक्रम स्वरूप रास्ट्रिय स्वच्छता तथा सरसफाई समितिको सदस्यको रूपमा रहेको नेपाल नगरपलिका संघले, आफुले संचालन गर्दै आइरहेको दिसाजन्य लेदो ब्यबस्थापन सम्बन्धी परियोजना "Municipalities Network Advocacy on Sanitation in South Asia" अन्तरगत सो मेला आयोजन गरिएको हो । मेलाको सहयोगी आयोजको रूपमा खानेपानी

तथा सरसफाई बिभाग , काठमाण्डौ महानगरपालिका ,बाताबरण तथा जनस्वास्थ्य संस्था (एन्फो) लगायतका संस्थाहरु थिए ।

खुल्ला रूपमा आयोजना गरियो यस मेला दुई दिनमा करिब ८००० जना व्यक्तिले अवोलोकन गरेका थिए । सहरी स्वास्थ्य र सरसफाई (दिसाजन्य लेदो ब्यबस्थापन)को वोकलात्का लागी यस कार्यक्रममा स्टल प्रदशनी , पानेल छलफल, सडक नाटक र खानेपानी स्वास्थ्य र सरसफाई सम्बन्धी खेलहरुका मुख्य आकर्षणका केन्द्र थिए ।

- ९ बुँदे घोषणापत्र सहित दिशाजन्य लेदो व्यवस्थापन सम्बन्धी राष्ट्रिय कार्यशाला सम्पन्नःनेपाल नगरपालिका संघले संचालन गर्दै आइरहेको “नगरपालिका संजालमा सरसफाई पैरवी परियोजना“ अन्तरगत काठमाडौमा पौष २ र ३ गते सम्पन्न दिशाजन्य लेदो व्यवस्थापन ँबभअर्बा क्ष्गिमनभ :बलबनभ्रूभलत (ँक्) सम्बन्धी राष्ट्रिय कार्यशालाले ९ बुँदे घोषणापत्र जारी गर्दै सम्पन्न भएको छ । माननीय खानेपानीमन्त्री विना मगरको प्रमुख आतिथ्यमा सरसफाइ क्षेत्रमा कार्यरत संघ, महासंघ तथा स्थानीय सरकारका प्रतिनिधीहरु, सहरी सरसफाइमा क्रियाशील विभिन्न संघसंस्था तथा व्यक्तिहरुको सहभागितामा सम्पन्न कार्यशालाले संघ, प्रदेश एवं स्थानीय सरकारले दिशाजन्य लेदोको दिगो व्यवस्थापन गर्न नीति निर्माण गर्ने लगायत ९ बुँदे घोषणा पत्र जारी गरिएको हो ।
- अन्तरक्रिया कार्यक्रम सम्पन्न :राष्ट्रिय प्राकृतिक श्रोत तथा वित्त आयोग माननिय अध्यक्ष वालानलद पौडेलको सहजीकरणमा विभिन्न प्रदेशमा स्थानीय सरकारको आगामी आ.व.को वार्षिक नीति तथा कार्यक्रम तर्जुमा सम्वन्धि नगरपालिकाहरुका प्रमुख, उप प्रमुख तथा प्रमुख प्रसाशकिय अधिकृतहरुसंग अन्तरक्रिया कार्यक्रम सम्पन्न भएको छ ।
- गण्डकी प्रदेशका २७ नगरपालिकाका नगर प्रमुख/उपप्रमुखहरुसँग आर्थिक बर्ष २०७७/०७८ मा नीति तथा कार्यक्रम तर्जुमा गर्दा के कस्ता क्षेत्रहरुमा प्राथमिकता दिनेसम्बन्धमा भर्च्युअल मार्फत अन्तकृया सम्पन्न भयो । अन्तकृयाको सहजीकरण राष्ट्रिय योजना आयोगका पुर्व उपाध्यक्ष श्री डा. स्वर्णिम वाग्ले र नेपाल सरकारका पुर्व सचिब श्री पूर्णचन्द्र भट्टराईले गर्नु भएको ।साथैनगर प्रमुख र उप प्रमुखहरुसँग राजश्व परार्मश सम्बन्धी जुम बैठक सम्पन्न भयो । बैठकको सहजीकरण राजश्व बिज्ञ श्री बिके महर्जन ले गर्नु भएको थियो ।
- २०७७ जेष्ठ २ गते राष्ट्रिय प्राकृतिक श्रोत तथा वित्त आयोग माननिय अध्यक्ष वालानलद पौडेलको सहजीकरणमा स्थानिय सरकारको आगामी आ.व.को वार्षिक नीति तथा कार्यक्रम तर्जुमा सम्वन्धि नगरपालिकाहरुका प्रमुख, उप प्रमुख तथा प्रमुख प्रसाशकिय अधिकृतहरुसंग अन्तरक्रिया कार्यक्रम सम्पन्न भएको छ ।

## २.२ *सूचना, सञ्जालीकरण र साझेदारी (Media, Information, Networking & Partnership)*

- **संघको youtubechannel संचालन "**

  संघको गतिविधिहरुलाई सरोकारवाला दर्शक माझ अझ परिस्कृत एव समय सापेक्ष रूपले प्रस्तुत गर्न संघको आधिकारिक youtube channel संचालन गर्ने काम अगाडि बढाइएको छ । यसका लागि परामर्शदातासंग छलफल गरी कार्यन्वयनलाई अगाडी बढाइएको छ । पहिलो चरणमा COVID लक्षित गरी २६ नगरपालिकाका गतिबिधि समावेश गरी शृंखला डिजाइन गरी अगाडी बढाईएको छ । जसमध्ये १ वटा एपिसोट तयार गरी प्रशारण भई रहेको छ ।

- **प्रादेशिक नगर अध्ययन केन्द्र**

  नगरपालिकाहरुको सुचना आदान प्रदानलाई थप प्रभावकारी बनाउन प्रादेशिक नगर अध्ययन केन्द्र ( Provincial Municipal Learning Centre) को कार्यबिधि तयार गरिएको छ। साथै सातै प्रदेसमा नयाँ प्रविधिको प्रयोग गराउँदै अधिकाधिक लाभ लिन  तथा सूचना आदान प्रदन गर्न भिडीओ कन्फ्रेन्सको सुरुवात गरिएको छ । नेपाल रिसर्च एन्ड एजुकेसन नेटवर्क ''एनआरईएन''सँगको सहकार्यमा ९ वटा प्रादेशीक नगर अध्ययन केन्द्र र संघको केन्द्रीय कार्यालयमा भिडियो कन्फरेन्स सिस्टम जडान गर्ने कार्य सम्पन्न भई हाल भिडीओ कन्फ्रेन्सको बिषयवस्तु सम्बन्धमा बार्षिक क्यालेण्डर तयार गर्ने कार्य भैरहेकोछ । नेपाल नगरपालिका संघले ३ लाख ७५ हजार रुपैयाँ लगानी गरेको छ ।

- **PSA निर्माण**

  COVID मा PSA (Public Service Announcement) COVID महामारीको सन्दर्भमा स्थानीय सरकारले COVID रोकथाम, नियन्त्रण र व्यवस्थापन गर्न गरेका कामहरु र नगरको बजेट निर्माणका प्राथमिक क्षेत्र र सहभागिता सम्बन्धमा निम्नानुसारको २ वटा  PSA निर्माण गरि NTV बाट प्रसारण गरिएको छ ।

  १. नगरपालिकाहरुले कोभिड नियन्त्रणमा गरेका कार्यहरुलाई श्रव्य दृष्यमा देखाई नेपाल टेलिभिजनबाट प्रसारण गराउने ।

  २.आषाढ मसान्तभित्र ल्याउनु पर्ने बजेट नीति तथा कार्यक्रम प्रक्रिया बारे जानकारीमूलक श्रब्यदृष्य प्रसारण गरिएको ।

- **अबधारण पत्र र विज्ञहरुको प्रोफाइल संकलन**

  संघको पाँच बर्षीय रणनीतिक कार्य योजना अन्तर्गत संघले १० वटा महत्वपूर्ण बिषयमा संघका केन्द्रीय कर्मचारी र प्रदेश कर्मचारीहरुको समन्वयमा बिषयगत क्षेत्रको रणनीति कार्यनीति, कार्यक्रम र संभावित दाता सहितको विवरण र अबधारणा पत्र तयार गरिएको छ । साथै विभिन्न बिषय अन्तर्गतका विज्ञहरुको CV संकलन गरिएको र प्राप्त हुन बाँकी CV को लागि फलोअप कार्यलाई निरन्तरता दिइएको छ ।

**सुचना, प्रकाशन र वितरण**

संघको त्रैमाशिक प्रकाशन शहरको आवाजको सट्टा यस बर्षदेखि विभिन्न बिषयमा अनुसन्धनात्मक पुस्तक प्रकाशन गर्ने सहमति भए अनुसार बिषयगत विज्ञहरुसँग सम्पर्क गरी लेख रचना संकलन गर्ने कार्यलाई अगाडि बढाइएको छ ।  नगर बुलेटिन र क्यालेण्डर प्रकाशन र बितरण गरिंदै आएकोमा कोरोनाको कारण प्रकाशन हुन ढिलो भएपनि  प्रकाशन र वितरण गरिएको छ । साथै अन्य अन्तराष्ट्रिय

स्थानीय सरकारका संघ महासंघसंग प्रभावकारी सुचना सम्प्रेषणलाई थप प्रभावकारी बनाउन यस संघको “एप” अझ सूचनामूलक तथा संजालिकरणमैत्री बनाउन संघको सूचना संजाल अधिकृतलाई जिम्मेवारी दिईएको छ । यसै गरी संघको वेवसाइट र मोवाइल एप्लिकेसनलाई नयाँ प्रविधि अनुसार परिमार्जित गर्न विभिन्न कम्पनीहरु संग कोटेशन संकलन गरी Yong Innovation pvt. Ltd संग सम्झौता सम्पन्न भई कार्य अगाडि बढेको छ ।

- **नगरपालिका योजना तर्जुमा दिग्दर्शन :**

  स्थानीय तह बिशेषत नगरपालिकाहरुलाई संविधानतः प्राप्त एकल अधिकारक्षेत्रको बिकास योजना तर्जुमा गर्ने सम्बन्धमा आवश्यक ज्ञान, सूचना, प्रविधि र प्राविधिक सहयोगका साथै योजना तर्जुमा गर्दा ध्यानमा राख्नु पर्ने बिषय तथा क्षेत्र, योजना तर्जुमा बिधि, प्रक्रिया सम्बन्धमा सामान्य जानकारी गराउने उद्देश्यले नेपाल नगरपालिका संघलन गरपालिकाहरुका लागि योजना तर्जुमा दिग्दर्शन तयार गरेकाछ ।

- प्रदेश भित्र कार्यगरिरहेका विकास साझेदार संस्थाहरुको विवरण संकलन गरी आवश्यक सहयोगका लागि कार्यक्रम प्रस्तावको कार्य थालनी गरिएको ।

- आगामी कृषिको आधार तयार गर्ने उद्धेश्यले कृषि तथा पशुपक्षिं विकास मन्त्रालयसंग साझेदारी गरी कार्य आरम्भ गरिएको ।

## २.३. प्राविधिक परामर्श तथा सहयोग (TechnicalAdvice& Support)

- **मनो विज्ञहरुसँग समन्वय र सहयकार्य**

  कोभिड-१९ का कारण व्याप्त निराशा र चिन्ताबाट पर्न गएको असरलाई न्यूनिकरण गर्न बागमती प्रदेशका मनोवैज्ञानिकहरुको समूह र दक्ष चिकित्सक तथा मनोरोग विशेषज्ञहरुसँगको सूचि तयार गरी नेपाली जनताहरुलाई निः शुल्क परामर्श दिन लागेको सम्बन्धमा समन्वय र सकहार्यका लागि नगरपालिकाहरुलाई पत्राचार गरियो ।

- **कोरोना भाइरस (COVID- 19) बिमा**

  नेपालमा कोरोना भाइरस (COVID- 19) को महामारी संक्रमण दिनानुदिन फैलिदै गएको र मानवीय क्षती समेत भईरहेकोले यस रोगको संक्रमण रोकथाम तथा नियन्त्रणमा स्थानीय सरकारका जनप्रतिनिधिहरुले अग्र पंक्तिमा रहेर आफ्नो भूमिका निर्वाह गर्नु भएको कारण सो रोकथाममा उल्लेख्य सफलता हासिल भएको छ । यसै सन्दर्भमा उच्च जोखिमका बाबजूत अग्र पंक्तिमा रहेर (COVID-19) नियन्त्रणमा क्रियाशिल हुनु भएको कार्यको उच्च मूल्याङ्कन गर्दै यस संघले सम्पूर्ण महानगर/उपमहानगर र नगरपालिकाहरुका प्रमुख/उप प्रमुखज्यूहरुको स्वास्थ्य संवेदनशिलतालाई मध्यनजर गर्दै .१ लाख बराबरको विमा गरिएको र संक्रमित जनप्रतिनिधिज्यूहरुलाई समयमै विमा रकम उपलब्ध गराउन विमा कम्पनीसंग पहल गर्ने कार्य भई रहेको छ ।

- **स्थानीय सरकारको आगामी आ.व. ०७७/७८ को वार्षिक नीति तथा कार्यक्रम तर्जुमा सम्बन्धि भर्चुअल अन्तरक्रिया कार्यक्रम**

  नेपाल नगरपालिका संघ तथा प्रदेश कार्यालयहरुको आयोजनामा स्थानीय सरकारको आगामी आ.व. ०७७/७८ को वार्षिक नीति तथा कार्यक्रम तर्जुमा सम्बन्धि भर्चुअल अन्तरक्रिया कार्यक्रमसम्पन्न भएको छ । प्राकृतिक श्रोत तथा बित्त आयोगका अध्यक्ष माननीय श्री बालानन्द पौडेल, संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयका प्रतिनिधि एवं प्रदेश भित्रका नगरपालिकाहरुका प्रमुख, उपप्रमुख

तथा प्रमुख प्रशासकिय अधिकृत लगायतको भर्चुअल अन्तरक्रिया कार्यक्रममा सहभागिता रहेको थियो ।

- **नगर सभा गर्न नसकेका नगरपालिकाहरु बीचमा अन्तर्क्रिया कार्यक्रम**

अन्तर सरकारी वित्त व्यवस्थापन ऐन अनुसार आषाढ १० गते भित्र नगसभा गरी नीति तथा कार्यक्रम पेश गर्न नसकेका नगरपालिकाहरु सहभागि गराई एक भर्चुअल अन्तर्क्रिया कार्यक्रम सम्पन्न गरिएको छ । अन्तर्क्रियामा नगरपालिकाका प्रमुख/उप प्रमुख, प्रमुख प्रशासकिय अधिकृत, सम्बन्धित शाखा प्रमुखहरुको सहभागिता रहेको थियो भने नगरपालिकाहरुमा परेका समस्या र चुनौतीको समाधानको सम्बोधन गर्नका प्राकृतिक श्रोत तथा बित्त आयोगका अध्यक्ष माननीय श्री बालानन्द पौडेल र संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयका सहसचिव विष्णुदत्त गौतमले गर्नु भएको थियो ।

- **नगरका प्राबिधिक र सरसफाई कर्मचारीहरुलाई दिसाजन्य लेदो ब्यबस्थापन सम्बन्धी तालिम :**

नेपाल नगरपालिका संघले united cities and Local Governments Asia Pacific (UCLG ASPAC) को साझेदारीमा दिसाजन्य लेदो ब्यबस्थापना सम्बन्धी "दक्षिण एसियाली नगरपालिका संजालमा सरसफाई पैरवी परियोजना " अन्तर्गत ५ वटै पारियोना लागु भएका नगरपालिकाहरु लहान, धुलिखेल, वालिङ, लमही र भीमदत केन्द्रित रही त्यस नगरपालिका वरिपरी रहेका सिमा साझेदार नगरपलिकाहरु सहित ३ दिने दिसाजन्य लेदो ब्यबस्थापन सम्बन्धी प्राबिधिक ४५ नगरपालिकाहरुका कर्मचारीहरुलाई तालिम सम्पन्न गरेको छ। संघले परियोजनाको प्राबिधिक सहयोगी निकाय बाताबरण तथा जनस्वास्थ्य संस्था (एन्फो)को सहजीकरणमा सो तालिम सम्पन्न गरेको थियो । ३ दिने तालिमको मुख्य बिषय बस्तुमा दिसा जन्य लेदोको परिभाषा बाट सुरु गर्दै नेपालको सन्दर्भ मा उपयुक्त दिसा जन्य लेदो ब्यबस्थापन प्रबिधि र त्यसको डिजाइन सहितको बिषय समेटिएको थियो । दिसाजन्य लेदो व्यावस्थापन को ५ चक्र (संकलन,भण्डारण, दुवानी, प्रसोधन र सुरक्षित बिसर्जन) मा बिशेषत नगरपालिकाको भूमिका कहाँ र कस्तो रहन्छ जस्ता बिषयमा पनि गहन छलफल तथा जानकारी गराएको थियो ।

- **दिसाजन्य लेदो ब्यबस्थापन गर्नेदिसाजन्य लेदो प्रसोधन केन्द्र निर्माण गर्न बिस्तृत आयोजन प्रतिबेदन (DPR) तयारः**

संघले संचालन गर्दै आइरहेको दिसाजन्य लेदो ब्यबस्थापना सम्बन्धी परियोजना "दक्षिण एसियाली नगरपालिका संजालमा सरसफाई पैरवी परियोजना " अन्तर्गत ५ वटै पारियोना लागु भएका नगरपालिकाहरु लहान, धुलिखेल, वालिङ, लमही र भीमदतको नगरस्तरीय दिसाजन्य लेदो ब्यबस्थापन निति तयार गरी सो नीतिले निर्देशित अनुसार त्यस नगरहरुको दिसाजन्य लेदो ब्यबस्थापन गर्ने दिसाजन्य लेदो प्रसोधन केन्द्र निर्माण गर्न DPR तयार गरी नगरलाई हस्तान्तरण गरेको छ । संघले परियोजनाको प्राबिधिक सहयोगी निकाय बाताबरण तथा जनस्वास्थ्य संस्था (एन्फो)को सहजीकरणमा सो दिसाजन्य लेदो प्रसोधन केन्द्र निर्माण गर्न बिस्तृत आयोजन प्रतिबेदनतयारगरेको थियो । हाल वालिंग नगरपालिकाले त्यस DPR अनुसार दिसाजन्य लेदो प्रसोधन केन्द्र निर्माण निर्माण कार्य सुरु गरी सकेको छ ।

- **स्वास्थ्य सामाग्री वितरण :**

कोभिड महामारीमा जुझिरहेका नगरपालिकाहरुलाई सहयोग प्रदान गर्ने उदेश्यले सबै प्रदेशका COVI 19 बाट प्रभावित नगरपालिकाहरू पहिचान गरि ति नगरपालिकाहरुलाइ स्वास्थ्य सामाग्रीहरु (थर्मल गन, स्यानीटाईजर र मास्क) वितरण कार्य सम्पन्न भएको छ

- **समन्वय बैठकः**

नेपाल नगरपालिका संघ सुदूरपश्चिम प्रदेश कार्यसमिति र CTECT प्रदेश कार्यालयका बिचमा

समन्वयात्मक बैठक सम्पन्न भएको छ । सो बैठकमा CTEVTसँग नगरपालिकाहरुले गर्न सक्ने साझेदारीका बिषयका छलफल भएको थियो ।

- **श्रव्य–दृश्य सन्देश निर्माण :**

  बिश्वव्यापी महामारीका रुपमा फैलिएको कोरोना (कोभिड – १९) नियन्त्रण गर्न नेपालका स्थानीय तहको भूमिका प्रभावकारी छ। स्थानीय तहमा जनप्रतिनिधि भएका कारण भाइरसको संक्रमण नियन्त्रण गर्न चालिएका जनतेचेतना, प्रचार प्रसारका काम, क्वारेन्टीन ब्यवस्थापन, विपन्न, असहाय र दैनिक ज्यालादारीमा काम गर्ने मानिसहरुको पहिचान गर्ने उनीहरुको समस्याको वास्तविकता थाहा पाउन सजिलो भएकोले महामारी नियन्त्रणको काम प्रभावकारी भएको हो । यसरी गरिएका कामलाई साझा बुझाइका रुपमा प्रबर्धन गर्न आवश्यक छ। जनप्रतिनिधिले स्थानीय तह सम्हालेपछि समाजको तल्लो तहका मानिसले कसरी लाभ पाए? कोरोना नियन्त्रणका लागि गरिएका सफल अभ्यास र साझा काम प्रबर्धन गर्ने उद्देश्यल नेपाल नगरपालिका संघलश्रव्य–दृश्य सन्देश निर्माण गरिएको छाउक्त सन्देश NTV बाटचार दिन (जेष्ठ, १० ११,१३,१५) गते हरेक समाचारको अगाडी (दिनको १४ पल्ट) प्रसारण भएको छ ।

## २.४. क्षमता अभिवृद्धि (Capacity Enhancement)

- **दिगो विकास लक्ष्य स्थानीयकरण (SDG Localization) कार्यक्रम**

  सहश्राब्दी विकास लक्ष्य स्थानीयकरण (SDG Localization) कार्यक्रम अन्तर्गत यूएनडीपिसँग सहकार्य गर्न सम्झौता भई केही कार्यक्रमहरु अगाडि बढाइएको छ। यसैक्रममा यस आ.व. भित्र सुदुर पशि्चम, कर्णाली र २ नं प्रदेशमा दिगो विकास लक्ष्य स्थानीयकरण अभिमुखीकरण सम्पन्न गर्नका लागि आवश्यक तयारी भै सकेको सन्दर्भमा कोरोनाको कारण स्थगित भएको छ । यसै अभियानका लागि संयुक्त राष्ट्रसंघीय स्वयम सेवकहरुको परिचालन गर्ने लक्ष्य अनुरुप क्रमश: प्रदेश नं २, कर्णाली र सुदुर पशि्चम प्रदेशमा यूएनभी स्वयंसेवकहरुले कार्य गर्दै आउनु भएको छ। यसै गरी विभिन्न नगरपालिकाहरुमा UCLGASPAC ले तयार गर्न लागेको दि.वि.ल रिपोर्टका लागि आवश्यक नगरपालिकाहरुको स्वैछिक राष्ट्रीय समिक्षा (VNR) प्रश्नावली फाराम संकलन गरि प्रतिवेदन तयार गरियो ।

- **महिला जनप्रतिनिधिहरुलाई अनुशिक्षण तालिम**

  सहश्राब्दी विकास लक्ष्य स्थानीयकरण (SDG Localization) कार्यक्रम अन्तर्गतै संघको केन्द्रीय महिला विभाग पदाधिकारी एवं महिलानगर प्रमुखहरुको लागि गत कात्तिक २१-२४ सम्म सौराहा, रत्ननगरमा “स्थानीय सरकारमा दीगो विकासको नेतृत्वविकास” अनुशिक्षण सम्पन्न गरिएको छ । महिला विभागको बैठक तथा देवानी र फौजदारी संहिता २०७४ का बारेमा अभिमुखिकरण सम्पन्न भएको छ । कोरोना भाइरस (कोभिड(१९) संक्रमण रोकथाम तथा उपचार कोष सञ्चालन सम्बन्धी कार्यविधि, २०७६ (नमुना) निर्माण र वितरण गरिएको छ ।

- **दिगो विकास लक्ष्यस्थानीयकरण (SDG Localization) कार्यक्रम**

  दिगो विकास लक्ष्य (SDG)स्थानीयकरण बारे अभिमुकरण नेपाल नगरपालिका संघका कमृचारी , प्रादेशिक नगर अध्ययन केन्द्र संयोजकहरुको लागि दीगो विकास लक्ष्यको स्थानीयकरणबारे २०७६ फाल्गुण ७ गते नवलपरासीको अमलटारी सामुदायिक होमस्टेमा अभिमुखीकरण कार्यक्रमसम्पन्नसम्पन्न भएको थियो नगरपालिकाहरुलाई दीगो विकास लक्ष्यका सूचकहरुलाई समेटिने गरी आगामी योजना तथा कार्यक्रमहरु निर्माण गर्न सहयोग गर्ने उद्देश्य कार्यक्रमको थियो ।

- **संघको पेपर लेस मिटिङ्गको शुरुवात**

  नेपाल नगरपालिका संघको नयाँ रणनीतिक कार्ययोजना अनुसार कार्य समिति बैठकलाई परिस्कृत र प्रभावकारी बनाउन नेपाल सरकार मन्त्रीपरिषद् बैठक बैठक झैं पेपर लेस बनाउने र बैठकका एजेण्डाहरु संघको एप मार्फत राखी परिचालन गर्ने उद्देश्य अनुरुप सबै कार्य समिति सदस्यज्यूहरुलाई ट्याबलेट उपलब्ध गराउन निर्णय बमोजिम ट्याव खरिदका लागि दिशाजन्य लेदो पदार्थ व्यवस्थापन (एफ.एस.एम) परियोजना अन्तर्गत संघको क्षमता अभिबृद्धि कार्यक्रमबाट स्रोत परिचालन गरी ५० थान ट्याब खरिद गरिएको छ र यसै बैठकबाट सो प्रक्रियाको शुरु गरिएको छ ।

- **क्षमता अभिबृद्धि तालिम**

  नेपाल नगरपालिका संघले आफ्ना कार्यसमिति तथा कर्मचारीहरुको क्षमता अभिबृधि गर्ने सम्बन्धमा अनुगमन एवम् मूल्याङ्कन तालिमसम्पन्न गरेको छ । कोभिड-१९ का कारण अन्य नगरपालिकाहरुमा सोको निरन्तरता दिन सकिएको छैन ।

- **अन्तराष्ट्रिय तालिम गोष्ठीमा सहभागिता**

  ICLEI South Asia संग नेपाल, बंगलादेश एवं भारतका नगरपालिकाहरुमा जलवायु परिवर्तन र कार्वन उत्सर्जन जस्ता बिषयमा सहकार्य गर्न गत महिना नयाँ दिल्लीमा सम्पन्न तालिम र गोष्ठीमा संघका पदाधिकारी, केही महिला प्रमुख, उपप्रमुख, संघका कर्मचारी, नगरपालिकाका इन्जिनियर लगायतको टोलीले भाग लिएको छ । यसैगरी सुदुर पश्चिम र ५ नं प्रदेशमा संचालन हुने यूएसएड अन्तर्गतको साझेदारी कार्यक्रमसँग सहकार्य गर्ने र सो क्षेत्रका नगरपालिकाहरुलाई लाभान्वित गराउन पहल गरिंदैछ । यसैगरी अन्य प्रदेशमा पनि संचालित दातृ तथा साझेदारी संस्थाहरुको डाटावेश तयार गरी संघको प्रदेश कार्यालयसँगको सहकार्यमा काम गर्न आह्वान र पहल गरिंदै छ । विभिन्न अन्तराष्ट्रिय नगरपालिकाहरुका संघमहासंघहरुको कार्यक्रम गोष्ठीमा संघका पदाधिकारी एवं नगरपालिकाका प्रमुख, उपप्रमुखको प्रतिनिधित्व र कर्मचारीहरुलाई सहभागि गराई क्षमता अभिवृद्धि गर्ने काम पनि सुचारु छ ।

- दिसाजन्य लेदो ब्यबस्थापन (FSM) परियोजना अन्तर्गत संघका पदाधिकारी, नगरप्रमुख उपप्रमुख प्रमुख प्रसशाकीय अधिकृत लगायत कर्मचारीहरूलाई अन्तराष्ट्रिय तालिम अबलोकन भ्रमण मार्फत क्षमता अभिबृद्धिमा सहभागि गराइयो । जस अनुसार पहिलो चरणमा संघका पदाधिकारी र परियोजना लागु भएका नगरका नगरप्रमुखहरुलाई मलेसिया र इण्डोनेसियामा अध्ययन अबलोकन भ्रमणमा सहभागि गराइयो । यसै गरी दोश्रो चरणमा परियोजना लागु भएका नगरका उपप्रमुख, प्रमुख प्रसशाकीय अधिकृत लगायत कर्मचारीहरूको भारतको उडिसामा अध्ययन अबलोकन भ्रमण आयोजना गरिएको थियो भने अर्को चरणमा संघका केन्द्रिय तथा प्रदेश कर्मचारीहरुलाई थाइल्याण्डको माहिडोल बिश्वबिद्यालयमा अध्ययन अबलोकन भ्रमण गराइएको थियो ।

- महानगरका अग्नि नियन्त्रकहरुको क्षेमता अभिवृद्धि :नेपालमा रहेका ६ महानगरपालिकाहरुका अग्नि नियन्त्रकहरुको क्षेमता अभिवृद्धि गर्नका लागी अग्नि नियन्त्रण तथा विपद ब्यबस्थापन बिषय २ दिने तालिम कार्यक्रम united Citites Local governments Asia Pacific (UCLG ASPAC)_को प्राबिधिक सहयोगमा संघले २०७६ बैशाख ११ र १२ गते स्थनीय प्रशिक्षण प्रतिष्ठानको तालिम हलमा सम्पन्न गरेको छ । अग्नि नियन्त्रकहरुका लागी खासै कुनै तालिम नभई रहेको अवस्थामा संघले दक्षिण कोरियाका अग्नि तथा विपद बय्बस्थापन बिज्ञ यौमं मूयुललाई मुख्य प्रशिक्षकका रूपमा ल्याई काठमाडौं,ललितपुर,भरतपुर, पोखरा गरी ६ मध्य ५ महानगरपालिका १५ जना अग्नि नियन्त्रकहरुलाई तालिम सम्पन्न गरेको थियो ।
- आपसी सिकाई ( Peer Learning ) कार्यक्रम सम्पन्न :कर्णाली भित्रका नगरपालिकाहरुका न्यायीक समितिका पदाधिकारीहरुका विच न्यायीक समितिमार्फत भए गरेका कार्य अनुभव, चुनौतिहरु एक आपसमा आदान प्रदान गरि आपसी सिकाई अभिवृद्धि गर्नका लागी २ दिने आपसी सिकाई (Peer

Learning) कार्यक्रम सम्पन्न गरिएको छ । साथैनगरपालिकाहरुको लेखा तथा खरिदन प्रणालीलाई चुस्त दुरुस्त राख्न तथा सो क्रममा अनुभुत गरिएको समस्या, चुनौति तथा असल अभ्यासहरुको आदान प्रदान गर्नको लागी लेखा व्यवस्थापन तथा खरिद प्रणालीमा २ दिने दिने आपसी सिकाई (Peer Learning) कार्यक्रम सम्पन्न भएको छ ।

सुदुरपश्चिम प्रदेशमा वडा कार्यालयबाट प्रदान गर्ने सेवा प्रवाह र सिफारिस प्रमाणिकरण, स्थानीय सरकारको शिक्षा सम्बन्धी अधिकारको प्रयोगको अवस्थाका बारेमा २ वटा आपसी सिकाई आदान प्रदान कार्यशाला सम्पन्न भएका थिए । वडा कार्यालयबाट प्रदान गर्ने सेवा प्रवाह र सिफारिस प्रमाणिकरण सम्बन्धी कार्यशालामा कैलाली, कञ्चनपुर र डडेल्धुरा जिल्लाका नगरपालिकाहरुबाट प्रति नगरपालिका २ जना वडा अध्यक्षको सहभागिता रहेको थियो भने  स्थानीय सरकारको शिक्षा सम्बन्धी अधिकारको प्रयोगको अवस्थाको बारेमा भएको आपसी सिकाई कार्यशालामा नगरप्रमुखहरुको सहभागिता रहेको थियो ।

- प्रदेश न. १ मा नगरपालिकाहरुको क्षमता अभिबृद्धि गर्न नगरपालिकाहरुको योजना, नीति तथा कार्यक्रम तर्जुमा सम्बन्धी अभिमुखीकरण, वित्तीय संघीयता र स्थानीय तहमा बजेट तर्जुमा, नगरपालिकाहरुमा लेखा समिति र सुशासन समितिको गठन सम्बन्धी नियमावली उपर सहजीकरण तथा न्याय सम्पादन र देवानी संहिता सम्बन्धमा अभिमुखीकरण कर्येक्रमहरु सम्पन्न भयो

- दिगो विकास लक्ष्य (SDG)स्थानीयकरण बारे अभिमुकरण नेपाल नगरपालिका संघका कमृचारी , प्रादेशिक नगर अध्ययन केन्द्र संयोजकहरुको लागि दीगो विकास लक्ष्यको स्थानीयकरणबारे अभिमुखीकरण कार्यक्मसम्पन्न। २०७६ फाल्गुण ७ गते नवलपरासीको अमलटारी सामुदायिक होमस्टेमा सम्पन्न भएको अभिमुखीकरणको सहजिकरण बि.के. महर्जनले गर्नुभएको थियो । कार्यक्ममा सहभागीहरुले आ आप्नो कार्यक्षेत्र गएर स्थानीय तह/नगरपालिकाहरुलाई दीगो विकास लक्ष्यका सूचकहरुलाई समेटिने गरी आगामी योजना तथा कार्यक्महरु निर्माण गर्न सहयोग गर्ने प्रतिवद्यता जनाएका थिए । यसै गरी नेपाल नगरपालिका सँघ मातहतमा स्थापना गरिएको प्रादेशिक नगर अध्ययन केन्द्रलाई अझै शशक्त बनाउने र हरेक महिना फरक फरक नगरपालिकाहरुमा जल्दोबल्दो वियषवस्तुमा सम्वाद कार्यक्महरु गर्न सके यसको प्रभावकारिता र उपयोगिता अझै बढ्ने कुरामा जोड दिएका थिए ।

## २.५. अन्तर सरकारी सम्बन्ध (Inter-governmental Relations)

- **नगरपालिका र नेपाल सरकारसँगको सहकार्य**
  विगतमा नेपाल सरकारको रातो किताबमा तिनवटै संघमहासंघलाई बर्सेनी कार्यक्रम सन्चालनार्थ रु ५० लाख प्रदान गर्ने गरिएकोमा संघलाई प्राप्त भैरहेको रकम आ.ब.२०७२/७३ देखि कटौती भएको हो । त्यसैले संघ महासंघहरुको बढ्दो कार्य सम्पादन, पैरवी, क्षमता विकास, सहजीकरण आदिका लागि न्यूनतम एक एक करोड बजेट विनियोजन गर्न संघका अध्यक्ष तथा कार्यकारी निर्देशकले संघीय माननीय अर्थमन्त्रीलाई भेटी यसको निरन्तरता र अनुदानमा बृद्धिका लागि माग गरिएको भएपनि सो प्राप्त हुन सकेको छैन । त्यसैले यसका लागि थप पहल गरिएको छ । साथै सातै प्रदेशका माननीय मुख्यमन्त्री तथा अर्थमन्त्रीज्यूहरुलाई भेटी संघको वर्तमान गतिबिधि, प्रादेशिक कार्यालयका योजनाहरु सहितको एक प्रस्ताव तयार गरी बुझाउने काम जारी राखिएको छ । यसमा प्रदेश समिति र कार्यालय व्यवस्थापकहरुसँग केन्द्रीय कार्यालयबाट समन्वय गरिंदैछ

- **संघ महासंघसँगको सहकार्य**
  गाउँपालिका राष्ट्रिय महासंघ र जिल्ला समन्वय समिति महासंघको संयुक्त पहलमा सहश्राब्दी बिकास लक्ष्यमा नेपालको प्रतिवेदन तयार गर्न संयुक्त वैठक वसी तीनै संघ महासंघका अध्यक्ष, उपाध्यक्ष र महासचिव सहितको समिति गठन गर्ने र तीनै संघमहासंघका कार्यकारी निर्देशकहरु सदस्य सचिवको रुपमा काम गरी एक प्रतिवेदन तयार गरिएको र सो प्रकाशनको चरणमा रहेको छ ।
- **प्रदेश स्तरीय अन्तरसम्वाद कार्यक्रमः**
  स्थानीय सरकार संचालन ऐन २०७४ को दफा १०५ मा प्रदेश प्रदेश समन्वय परिषदको व्यवस्था गरिएको छ । सो परिषदको बैठक सम्बन्धी कार्यबिधि स्थानीय सरकार संचालन ऐन २०७४ को दफा १०५ को उपदफा ५ बमोजिम परिषद आफैले निर्माण गरे बमोजिम हुने व्यवस्था रहेकोमा कार्यबिधी निर्माण भई नसकेको अवस्थामा नेपाल नगरपालिका संघले कार्यबिधीको मस्यौदा निर्माण गरी प्रदेश सभाका सभामुख माननीय अर्जुन बहादुर थापाको प्रमुख अतिथ्यमा प्रदेश सभा सदस्यहरु, नगरपालिका प्रमुख र गाउँपालिका राष्ट्रिय महासंघका प्रतिनिधीहरुको सहभागितामा एक अन्तरक्रिया कार्यक्रम सम्पन्न भएको छ ।
- संबिधान बमोजिम गठन भएका तीन तहका सरकारहरुले एकल तथा साझा अधिकारलाई कार्यान्वयन गर्दै सहकार्य समन्वय र सहअस्तित्वको आधारमा जनतालाई प्रभावकारी सेवा सुविधा प्रदान गर्नु पर्ने वर्तमान संघीय संरचनाको उद्देश्य भएको र हाल सम्मको उपलब्धी, चुनौती र अवसरहरुको अभिलेखिकरण गर्दै आवश्यक सुधारका लागि पहल गर्न सघाउने उद्देश्यले संघीयता कार्यान्वयनमा अन्तरसरकार संवाद कार्यक्रम गर्न तीनै संघमहासंघको पहलमा कार्ययोजना बनाइँदैछ । तीनै तहका सरकारको बेग्लै प्रस्तुती र छलफल गरी सम्माननीय राष्ट्रपति र प्रधानमन्त्रीज्यू एवं राष्ट्रिय पार्टीका प्रतिनिधि प्रमुखहरुको समुपस्थितिमा उक्त कार्यक्रम आयोजना गर्ने तयारी गरिंदैछ ।

- **अन्तर सरकारी निकायहरुमा प्रतिनिधित्वः**
  प्रदेश तथा स्थानीय शासन सहयोग कार्यक्रम (PLGSP) अन्तर्गत प्रदेश तहमा कार्यक्रमहरुको समग्र व्यवस्थापन गर्न माननीय मुख्यमन्त्री श्री शेरधन राईज्यूको अध्यक्षतामा गठन भएको प्रादेशिक समन्वय समितिमा प्रदेश १. समितिका संयोजक एवं इलाम नगरपालिका प्रमुख श्री महेश बस्नेत रहनु भएको छ । तथा विद्यालय शिक्षाको गुणस्तर सुधार सम्बन्धी निर्देशक समितिमा प्रदेश १. समितिका उप संयोजक एवं मेचीनगर नगरपालिका प्रमुख श्री बिमल आचार्य रहनु भएको छ ।

- **साझेदार र अन्तराष्ट्रिय दातृ संस्थाहरुसंगको सम्बन्ध**
  नेपाल नगरपालिका संघको दातृ संस्थाहरुसंगको सम्बन्ध विकसित र प्रभावकारी हुँदै गईरहेको छ । हाम्रो सम्बन्ध पुराना साझेदार संस्थाहरु GIZ, BMGF, The Asia Foundation, UCLG ASPAC,UNDP संग कायमै छ । सहकार्यमा विभिन्न कार्यक्रमहरु यस आ.व. मा पनि संचालित छन् । ICLEI South Asiaसंग नेपाल, बंगलादेश एवं भारतकानगरपालिकाहरुमा जलवायु परिवर्तन र कार्वन उत्सर्जन जस्ता बिषयमा सहकार्य गर्नतालिम गोष्ठीहरु संचालन गरिएका छन् । यसैगरी सुदुर पश्चिम र ५ नं प्रदेशमा संचालन हुने यूएसएड अन्तर्गतको साझेदारी कार्यक्रमसँग सहकार्य गर्ने र सो क्षेत्रका नगरपालिकाहरुलाई लाभान्वित गराउन पहल गरिंदैछ भने अन्य प्रदेशमा पनि संचालित दातृ तथा साझेदारी संस्थाहरुको डाटावेश तयार गरी संघको प्रदेश कार्यालयसँगको सहकार्यमा काम गर्न आह्वान र पहल गरिंदै छ । विभिन्न अन्तराष्ट्रिय नगरपालिकाहरुका संघमहासंघहरुको कार्यक्रम गोष्ठीमा संघका पदाधिकारी एवं

नगरपालिकाका प्रमुख, उपप्रमुखको प्रतिनिधित्व र कर्मचारीहरुलाई सहभागि गराई क्षमता अभिवृद्धि गर्ने काम पनि सुचारु छ ।

- **समझदारी पत्रमा हस्ताक्षर**
  नेपाल नगरपालिका संघले नगर क्षेत्रको फुटवल खेलको बिकासकाको लागि अखिल नेपाल फुटवल संघ (एन्फा) संग संघका अध्यक्ष श्री अशोक कुमार ब्यान्जु श्रेष्ट र एन्फाका अध्यक्ष श्री दावा छिरिङ्ग शेर्पा बिचअखिले नेपाल फुटवल संघको कार्यालय सातो दोबाटोमा मिति २०७७ मंसिर गते १२ गते एक समारोहका बीच २ बर्षका लागि समझदारी पत्रमा हस्ताक्षर गरिएको छ । उक्त समारोहमा संघका कोषाध्यक्ष श्री घनश्याम पाण्डे अन्य कर्मचचारी र एन्फाका कर्मचारी एवं पदाधिकारीको उपस्थिति रहेको थियो ।

## २.६. अध्ययन, अनुसन्धान र विकास (Study, Research & Development)

- नेपाल नगरपालिका संघले विगत देखि त्रैमासिक रुपमा प्रकाशन गर्दै आएको शहरको आवाज पत्रिकालाई नयाँ रणनीतिक कार्य योजना अनुरुप परिमार्जित र परिस्कृत गरी विभिन्न बिषयका विषय विज्ञहरु र अनुसन्धानात्मक लेख रचनाहरुलाई समेटेर प्रकाशन गर्ने निर्णय बमोजिम हाल संघीयताको कार्यान्वयन बारे प्रकाशन कार्यको काम अगाडि बढिरहेको छ ।
- **नगर योजना बैंक**
  राष्ट्रिय योजना आयोगबाट सह-लगानीमा तिनै तहका सरकारका योजनाहरु संकलन गर्ने तयारी रहेकोले नेपालका सम्पूर्ण नगरपालिकाहरुबाट डिपिआर सम्पन्न भईसकेका र नगर गौरवको योजना गरी प्रत्येक नगरपालिकाबाट २ वटा योजनाहरु संकलन गरी योजना बैंक निर्माण गर्ने निर्णय बमोजिम सम्पूर्ण नगरपालिकाहरुमा पत्राचार गर्दा केही नगरपालिकाहरुबाट योजनाका नामावली मात्र प्राप्त भएका छन् । योजनाको विस्तृत जानकारीलाई एक फर्म्याट तयार गरी प्रदेश कार्यालयहरु मार्फत संकलन गर्न पुनः तदारुकता अपनाइएको छ ।
- **सफलताको कथाः**
  न्यायिक समितिबाट सफलतापूर्वक सुल्झेका स्थानीय झैझगडा र बादविवादका सफल अनुभवहरुलाई अभिलेखिकरण गर्ने कार्यका लागि सफलताको कथा संकलन र अभिलेखिकरण गर्ने कार्य भैरहेको र यसलाई किताबको रुपमा प्रकाशन गर्ने अन्तिम तयारीको अवस्थामा रहेको छ ।
- **Research And Thematic Publication**
  संघले विभिन्न बिषयगत विज्ञहरुको अनुसन्धनात्मक लेख रचनाहरुलाई समेटेर पुस्तकहरु प्रकाशन गर्ने नीति अनुरुप हाल जि आई जेड सँग को सि.डि. एस.जी. कार्यक्रम अन्तर्गतको श्रोत परिचालन गरी विभिन्न विज्ञहरुसँग समन्वय र सम्पर्क गरी उनीहरुसँग लेख रचना माग गरिए अनुरुप लेख प्राप्त लेख रचनाहरु संकलन भै संपादनको कार्य भइरहेको छ ।

## ३. परियोजना/कार्यक्रम

- *Capacity Development Support to Governance (*CDSG*)* कार्यक्रमनेपाल नगरपालिका संघले आफ्नो स्थापनाकाल देखिनै सहकार्य गर्दै आईरहेको जिआई जेड संग नगरपालिकाहरुमा कार्यक्रम विभिन्न कार्यक्रम संचालनार्थ प्रस्ताव तयार गरी पठाइएकोमा CDSG*)* प्रस्ताव स्वीकृत भएको छ । सोका समन्वय र सहकार्य गरि कार्यक्रम अगाडि बढाउनको लागि संघका तर्फबाट क्षमता विकास तथा अभिलेखिकरण अधिकृत मधुसुदन रिजाललाई फोकल पर्सन तोकिएको छ । साथै यहि जुलाई देखि अक्टोबर सम्मको Imlementation Plan तयार गरी प्रथम किस्ता बापतको रकम माग गरिएकोमा ८०% सम्पन्न गरी दोश्रो किस्ताको कार्यक्रम तयार गरी रकम माग गर्ने तयारीको काम भइरहेको छ ।

- **दिशाजन्य लेदो व्यवस्थापन सम्बन्धी ९ बुँदे घोषणापत्र**

  नेपाल नगरपालिका संघले संचालन गर्दै आइरहेको "नगरपालिका संजालमा सरसफाई पैरवी परियोजना" अन्तरगत काठमाडौमा पौष २ र ३ गते सम्पन्न दिशाजन्य लेदो व्यवस्थापन Faecal Sludge Management (FSM) सम्बन्धी राष्ट्रिय कार्यशालाले ९ बुँदे घोषणापत्र जारी गर्दै सम्पन्न गरेको छ । माननीय खानेपानीमन्त्री विना मगरको प्रमुख आतिथ्यतामा सरसफाइ क्षेत्रमा कार्यरत विभिन्न संघसंस्था तथा स्थानीय सरकारका प्रतिनिधीहरुको सहभागितामो संघ, प्रदेश एवं स्थानीय सरकारले दिशाजन्य लेदोको दिगो व्यवस्थापन गर्न नीति निर्माण गर्ने लगायत ९ बुँदे घोषणा पत्र जारी गरिएको हो ।

- **दक्षिण एसियाली नगरपालिका संजालमा सरसफाई पैरवी परियोजनाको प्रथम चरणको बिना लागत विस्तार योजना तयार तथा दोस्रो चरणको परियोजनाको अबधारणा निर्माण"**

  संघले संचालन गर्दै आइरहेको दिसाजन्य लेदो ब्यबस्थापन परियोनाको अबधी अक्टोबर २०२० सम्म रहेको सन्दर्भमा COVID 19 ले गर्दा परियोजना कार्यन्वयन गर्न आइपर्न सक्ने कठिनाई र सुस्तीलाई मध्यनजर गर्दै परियोजनालाई डिसेम्बर २०२० सम्म बिना लागत विस्तार योजना तयार भै स्वीकृत भै सकेको छ । यसै परियोजनाको तीन बर्षे दोश्रो चरणको परियोजना अबधारण निर्माण भै छलफल एव स्वीकृतिको प्रक्रियामा रहेको छ ।

- **स्मार्ट सिटी सुचकहरु निर्माण**

  व्यवस्थित र योजनाबद्ध शहरी विकास गरी प्रविधिको उचित प्रयोगद्वारा सेवा सुबिधाकोसहज प्रवाह र पहुँच बढाउन स्मार्ट सिटी अवधारणा अहिलेको आबश्यकता रहेको सन्दर्भमा नेपाल नगरपालिका संघले स्मार्ट सिटी सुचकहरुकोसम्पन्न गरेको र उक्तसुचकहरु छलफल तथा सुझाव संकलन र अन्तिम रुप दिनका लागिविभिन्न सरोकारवालाहरुसंग अन्तरक्रिया गरी सूचक तयार गरिएको छ ।

# संघको प्रदेश स्तरीय प्रगति प्रतिवेदन

## प्रदेश १

**सम्पन्न भएका कार्यहरुः**

यस अवधिमा प्रदेश समन्वय समिति र प्रदेश कार्यालयको तर्फबाट सम्पन्न गरिएका प्रमुख कार्यहरुको संक्षिप्त प्रतिवेदन  निम्न अनुसार रहेको छः

**१. प्रदेश समितिका नियमित कार्यहरु**

**१.१ प्रदेश समिति बैठकः**

प्रथम प्रदेश अधिवेशन मार्फत प्रदेश समितिको गठन पश्चात १ वटा र कोभिड(१९ को कारण देशब्यापी रुपमा लागू गरिएको लकडाउनको समयमा १ वटा भर्च्युअल बैठक समेत गरी कूल २ वटा बैठकहरु सम्पन्न भएका छन् ।

दोस्रो बैठकः प्रदेश समितिको दोस्रो बैठक ३० मंसीर, २०७६ मा फुङलिङ नगरपालिका, ताप्लेजुङमा सम्पन्न भयो । बैठकले अन्तर(सरकार सम्वाद कार्यक्रम, प्रादेशिक समन्वय परिषदमा मनोनयन, नयाय सम्पादन, बजेट तर्जुमा र अनुगमन तथा मूल्याङ्कन सम्बन्धी तालिमहरु आयोजना गर्ने सम्बन्धमा निर्णयहरु गरेको छ ।

भर्च्युअल बैठकः विश्वब्यापी महामारीको रुपमा फैलिएको कोभिड(१९ को कारण मुलुकभर लागू भएको बन्दाबन्दी र सोबाट सिर्जित कठिन परिस्थिति माझ १९ बैशाख, २०७७ मा प्रदेश समितिको भर्च्युअल बैठक सम्पन्न भयो । बैठकले स्वास्थ्य सामग्री बितरण, पीसीआर परीक्षणको दायरा बढाइ हरेक जिल्ला अस्पतालमा परीक्षणको ब्यवस्था मिलाउन नेपाल सरकार र प्रदेश सरकारलाई अनुरोध गर्ने, क्वारेण्टिन ब्यवस्थापन र अन्य राहत बापतको रकम प्रमुख जिल्ला अधिकारी मार्फत उपलब्ध गराउने मौजूदा ब्यवस्थालाई अन्त्य गरी सोझै स्थानीय तहहरुलाई उपलब्ध गराउने ब्यवस्था मिलाउन तथा आगामी दिनहरुमा विदेशबाट फर्कने नागरिकहरुको संख्या र संक्रमण दर समेत बृद्धि हुँदै जाने सम्भावनालाई मध्यनजर गरी बढ्दो चुनौतिको सामना गर्नको निमित्त पर्याप्त स्रोत साधन उपलब्ध गराउन प्रदेश सरका र संघीय (नेपाल) सरकारसँग सार्थक पहल र सम्वाद गर्ने लगायत निर्णयहरु गरेको छ ।

**१.२ प्रदेश सरकार समक्ष आर्थिक प्रस्तावः**

आ.व. २०७६र७७ मा बजेट ब्यवस्था गर्न प्रदेश सरकार समक्ष “नेपाल नगरपालिका संघ प्रदेश १ सचिवालयको संस्थागत विकास एवं नगरपालिका सशक्तीकरण परियोजना“ सञ्चालन सम्बन्धी परियोजना प्रस्ताव पेश गरी संघको प्रदेश कार्यालय ब्यवस्थापन तथा नगरपालिकाहरुको क्षमता अभिबृद्धिको लागि प्रदेश सरकारबाट आर्थिक सहयोगको लागि पहलकदमी थालनी गरिएकोमा प्रदेश सरकारबाट कुनै बजेट ब्यवस्था नभए पछि आगामी आ.व. २०७७र७८ मा प्रदेश कार्यालय ब्यवस्थापनको लागि अनुदान माग गर्दै प्रदेश सरकार समक्ष पुनः आर्थिक प्रस्ताव पेश गरिएको छ ।

**१.३ नगरपालिका स्तरीय भ्रमणः**

प्रदेश प्रबन्धकबाट तेह्रथुम, ताप्लेजुङ, पाँचथर र इलाम जिल्लाका नगरपालिकाहरुको स्थलगत भ्रमण गरी स्थानीय राजपत्रहरुको संकलन, सदस्यता शुल्क भुक्तानी लगायतका कार्यहरु गरिएको छ ।

## २. नीतिगत वकालत र पैरबी तर्फः

यस अवधिभरमा नेपालको संविधान, २०७२ र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले निर्दिष्ट गरेका संवैधानिक एवं कानूनी अधिकारहरुको निर्वाध कार्यान्वयनको लागि आवश्यक निर्णय र पैरबी गरिएको छः

२.१ मिति २०७७ भाद्र १८ गते स्थानीय सरकार सञ्चालन ऐन २०७७ को संशोधन सम्बन्धमा नगरपालिकाहरुको राय संकलन गर्न प्रमुख प्रशासकीय अधिकृतहरुको भर्च्युअल सम्वाद कार्यक्रम सम्पन्न भयो।

२.२ यसको अतिरिक्त देहायका विविध सवालहरुमा नेपाल सरकार तथा प्रदेश सरकारको ध्यानाकर्षण कार्यक्रम सम्पन्न भयोः

- स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा १०४ ले निर्दिष्ट गरेको तथा नेपाल सरकार मन्त्री परिषद्को मिति २०७४ चैत्र १४ को निर्णय बमोजिम स्थानीय तहमा रहेका सम्पूर्ण सरकारी कार्यालयहरुको नाममा रहेका सम्पत्ती सम्बन्धित स्थानीय तहलाई हस्तान्तरण गर्ने व्यवस्थालाई अक्षुण्ण राख्न प्रदेश सरकार र संघीय सरकारको ध्यानाकर्षण गर्ने ।
- कर्मचारी समायोजनको सिलसिलामा नेपाल सरकारले स्वीकृत गरेको दरबन्दीभन्दा बढी संख्यामा कर्मचारीहरु पठाई दिने र जबरजस्ती नियुक्त गर्न दवाव दिने अवस्थालाई अन्त्य गरी कर्मचारी नियुक्त गर्नु पूर्व दरबन्दी स्वीकृत गर्ने व्यवस्था मिलाउन सम्बन्धित निकायलाई पत्राचार गर्ने ।
- स्थानीय सरकार सञ्चालन ऐन, २०७४ (पहिलो संशोधन) मा संशोधन भई व्यवस्था भएका वन, सामाजिक संघसंस्था, घरेलु तथा साना उद्योग सम्बन्धी स्थानीय तहलाई प्रदान गरेको अधिकार हालसम्म पनि कार्यान्वयन गर्न संघीय सरकारले पहल नगरी राखेको हुँदा तत्काल कार्यान्वयनको व्यवस्था गरी दिन संघीय सरकार समक्ष माग गर्ने ।
- नेपालको संविधानको अनुसूची ८ मा स्थानीय तहलाई प्रदत्त अधिकारहरु मध्ये माध्यमिक तहसम्मको शिक्षा स्थानीय तहले सञ्चालन गर्नु पर्नेमा विद्यालय तहमा स्थानीय तहले संविधान अनुरुपको अधिकार उपयोग गरी काम गर्ने वातावरण नभएको हुँदा संविधान प्रदत्त अधिकारलाई निर्वाध रुपमा उपभोग गर्ने वातावरण निर्माण गर्नको लागि शिक्षा ऐन निर्माण गरी लागू गर्न अनुरोध गर्ने ।
- अख्तियार दुरुपयोग अनुसन्धान आयोगको परिपत्रले निर्दिष्ट गरेका सकारात्मक पक्षहरुलाई सहजताका साथ आत्मसात गर्दै जाने र परिमार्जन वा सुधार गर्न आवश्यक देखिएका पक्षहरु उपर संघको केन्द्रीय समिति (कार्यालय) सँग समन्वय गरी उपयुक्त निकास खोजी गर्ने ।
- क्वारेण्टिन व्यवस्थापन र अन्य राहत बापतको रकम प्रमुख जिल्ला अधिकारी मार्फत उपलब्ध गराउने मौजूदा व्यवस्थालाई अन्त्य गरी सोझै स्थानीय तहहरुलाई उपलब्ध गराउने व्यवस्था मिलाउन तथा आगामी दिनहरुमा विदेशबाट फर्कने नागरिकहरुको संख्या र संक्रमण दर समेत बृद्धि हुँदै जाने सम्भावनालाई मध्यनजर गरी बढ्दो चुनौतिको सामना गर्नको निमित्त पर्याप्त स्रोत साधन उपलब्ध गराउन प्रदेश सरका र संघीय (नेपाल) सरकारसँग सार्थक पहल र सम्वाद गर्ने ।

## ३. अन्तरसरकार सम्बन्ध तर्फः

अन्तर(सरकार सम्वाद कार्यक्रम: २१ पुष, २०७६ मा प्रदेश सरकारका माननीय मुख्यमन्त्री श्री शेरधन राई, माननीय सभामुख श्री प्रदीप भण्डारी र माननीय आन्तरिक मामिला तथा कानून मन्त्री श्री हिक्मत कार्की समेतको समुपस्थितिमा बिग होटल, बिराटनगरमा "संविधान प्रदत्त साझा अधिकारहरुको कार्यान्वयन" सम्बन्धमा संघ, प्रदेश र स्थानीय (नगर) सरकारहरु बीच सम्वाद कार्यक्रम सम्पन्न गरिएको छ ।

अन्तरसरकारी निकायहरुमा प्रतिनिधित्व: नेपाल नगरपालिका संघले प्रदेश सरकार मातहतका बिभिन्न समितिहरुमा प्रतिनिधत्व गरेको छ:

- प्रदेश तथा स्थानीय शासन सहयोग कार्यक्रम (PLGSP) अन्तर्गत प्रदेश तहमा कार्यक्रमहरुको समग्र व्यवस्थापन गर्न माननीय मुख्यमन्त्री श्री शेरधन राईज्यूको अध्यक्षतामा गठन भएको प्रादेशिक समन्वय समितिमा प्रदेश समितिका संयोजक एवं इलाम नगरपालिका प्रमुख श्री महेश बस्नेत रहनु भएको छ ।
- विद्यालय शिक्षाको गुणस्तर सुधार सम्बन्धी निर्देशक समितिमा प्रदेश समितिका उप(संयोजक एवं मेचीनगर नगरपालिका प्रमुख श्री बिमल आचार्य रहनु भएको छ ।

स्थानीय तहका लागि अन्तर(सरकारी वित्त हस्तान्तरण विषयमा भर्च्युअल सम्वाद कार्यक्रम: राष्ट्रिय वित्त आयोग तथा संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयसँग समन्वय र गाउँपालिका राष्ट्रिय महासंघसँग सहकार्यमा मिति २०७७ भाद्र ३० गते "स्थानीय तहका लागि अन्तर(सरकारी वित्त हस्तान्तरण (अनुदान, राजश्वररोयल्टी बाँडफाँड, सार्वजनिक ऋणको सीमा) सम्बन्धी सिफारिशका आधार तथा परिवर्तित व्यवस्थाहरु" सम्बन्धमा बृहत भर्च्युअल सम्वाद कार्यक्रम सम्पन्न भयो।

### ४. क्षमता अभिबृद्धि तर्फ:

न्याय सम्पादन र देवानी संहिता सम्बन्धमा उप(प्रमुखज्यूहरुलाई अभिमुखीकरण ( श्री रेवतीरमण भण्डारी, काँकडभिट्टा, मेचीनगर नगरपालिका (केन्द्रीय महिला विभागको बैठको अवसरमा) ।

### ५. प्राविधिक परामर्श र सहयोग तर्फ:

यस अवधिभरमा प्राविधिक परामर्श र सहयोग तर्फ देहायका कार्यहरु सम्पन्न गरियो:मिति २०७७ असोज ९ गते दिसाजन्य लेदो व्यवस्थापन तथा सेप्टिक ट्यांकी निर्माण सम्बन्धी निर्देशिका सम्बन्धमा भर्च्युअल अभिमुखीकरण कार्यक्रम सम्पन्न भयो ।

### ६. अन्य कार्यक्रमहरु:

यस अवधिम सम्पन्न भएका अन्य कार्यक्रमहरु निम्न अनुसार छन्

- मिति १८ ज्येष्ठ, २०७७ मा प्रदेश तहमा आन्तरिक रोजगारी सिर्जना सम्बन्धमा नगर प्रमुखहरुसँग भर्च्युअल अन्तरकृया कार्यक्रम सम्पन्न भयो ।
- कोभिड(१९ अति प्रभावित नगरपालिकाहरुलाई स्वास्थ्य सामग्री बितरण गर्नको निमित्त संघको केन्द्रीय कार्यालयबाट उपलब्ध भएको नगद रु. २,००,०००( बाट सामग्री बितरण गरिने नगरपालिकाहरुको

छनौट भई सामग्री खरीद गर्ने र बितरण गर्ने कार्य पूरा भई सकेको छ ।

- प्रदेश कार्यालयको नियमित प्रकाशनको रुपमा त्रैमासिक ई(खबरपत्रिकाको प्रथम अंक प्रकाशन भएको छ ।

# प्रदेश २

## नेपाल नगरपालिका संघ प्रदेश नं. २ को स्तरवाट सम्पन्न भएका कार्यहरु :

**नेपाल नगरपालिका संघ केन्द्रसंगको सहकार्यमा सम्पन्न भएका कार्यहरुः**

### १. दिगो विकास लक्ष्य (SDG)स्थानियकरणको अभिमुकरण

नेपाल नगरपालिका संघका कर्मचारी , प्रादेशिक नगर अध्ययन केन्द्र संयोजकहरुको लागि आयोजना गरिएको दीगो विकास लक्ष्यको स्थानीयकरणबारे अभिमुखीकरण कार्यक्रममा सहभागी भएको । अमलटारी सामुदायिक होमस्टेमा सम्पन्न भएको अभिमुखीकरणको सहजिकरण बि.के. महर्जनले गर्नुभएको थियो ।

### २. प्रदेश स्तरीय अन्तर सरकार सम्वाद कार्यक्रम

संघ, प्रदेश तथा स्थानीय सरकारको साझा अधिकारका सूची उपर छलफल गर्न तथा देखा परेका समसामयिक मुद्दाहरुमाथि सम्वाद गर्न प्रदेश स्तरीय अन्तर सरकार सम्वाद कार्यक्रममा सहभागी भएको र कार्यक्रमको प्रतिवेदन/दस्तावेज तयारी (Documentation) गर्न सहयोग गर्ने काम सम्पन्न भएको छ ।

### ३. प्रदेश स्तरीय अन्तरसरकारी वित्त हस्तान्तरण सम्बन्धी अन्तरकृया

स्थानीय सरकारको लागी अन्तरसरकारी वित्त हस्तान्तरण सम्बन्धी अन्तरकृया बित्त आयोगको प्राबिधिक सहयोगमा नेपाल नगरपालिका संघ र गाँउपालिका महासंघको सम्युक्त आयोजनामा मिति २०७७ भाद्र २९ गते गण्डकी प्रदेश भित्रका ७७ ओटा स्थानीय तहसँग अन्तरसरकारी वित्त हस्तान्तरण सम्बन्धी अन्तरकृया सम्पन्न ।

### ४. स्थानीय सरकार सञ्चालन ऐन २०७४ संशोधन सम्बन्धी राय सुझाब संकलन

स्थानिय सरकार सञ्चालन ऐन २०७४ संशोधन सम्बन्धी राय सुझाब संकलन नेपाल नगरपालिका संघ गण्डकी प्रदेशले मिति २०७७ भाद्र १६ गते दिन भर्चुअल बैठक मार्फत हाल सञ्चालनमा रहेको स्थानीय सरकार सञ्चालन ऐन २०७४ माथि संशोधनको लागी राय सुझाब संकलन सम्बन्धी १ दिने अन्तकृया गरि स्थानीय सरकार सञ्चालन ऐन २०७४ मा राय सुझाब संकलन गरिएको छ ।

## १. नेपाल नगरपालिका संघको प्रदेश स्तरीय बैठक

नेपाल नगरपालिका संघ प्रदेश नं. २ को प्रादेशिक समन्वय समितिको बैठकमा सहभागी भइ यसको संक्षिप्त प्रतिवेदन तयार गर्न सहयोग गरिएको छ ।

## २. द्विमासिक बुलेटिनका लागि लेखको मस्यौदा तयारी

नेपाल नगरपालिका संघको प्रदेश स्तरमा भएका गतिविधीहरुबारे प्रकाशन हुने द्विमासिक बुलेटिनका लागि लेखको मस्यौदा तयारी गर्न सहयोग गरेको । यस बुलेटिनका लागि प्रदेश स्तरीयि अन्तर सरकार सम्वाद कार्यक्रम तथा नेपाल नगरपालिका संघको प्रादेशिक समन्वय समिति बैठकको लेख तयार गरी पठाईएको ।

## ३. स्वैच्छिक राष्ट्रिय समीक्षा प्रश्नावली

प्रदेश नं. १ र २ का विभिन्न १० वटा नगरपालिका (ईनरुवा, धनकुटा, कमलामाई, हेटौँडा (प्रदेश १) गोलबजार, जनकपुरधाम, क्षिरेश्वरनाथ, जलेश्वर, हरिवन, पर्रोहा (प्रदेश २) नगरपालिका) हरुको स्वैछिक राष्टीय समिक्षा (VNR) प्रश्नावली फाराम संकलन गरियो र विज्ञ डा. दिलीप अधिकारीलाई पठाइएको र थप विवरणहरुको लागि सम्पर्क समन्वय जारी रहेको छ ।

## ४. विषयगत क्षेत्रमा विज्ञहरुको रोस्टर निर्माण तथा विषयगत मस्यौदाको तयारी

सहरी योजना तथा दीगो विकास र सहरी कृषि, वन तथा जलवायु परिवर्तन विषयक्षेत्रका विज्ञहरुको पहिचान गर्न समन्वय तथा रोस्टर निर्माण गर्न सहयोग गरेको । यसै गरी उक्त विषयगत क्षेत्रका लागि अवधारण पत्रको मस्यौदा तयारी गर्न सहकार्य गरेको ।

## ५. नगरपालिकाहरुको असल अभ्यासहरु संकलन तथा दस्तावेजीकरण

विभिन्न नगरपालिकाहरुले दीगो विकास लक्ष्यको स्थानीयकरणका लागि गरेका असल अभ्यासहरुको पहिचान, लेखन तथा सम्पादन गर्ने काम सम्पन्न भएको छ । यु.एन.डि.पी. नेपाल फिल्ड कार्यालय जनकपुरधामको सहयोगमा असल अभ्यासहरुको पहचान गरिएको थियो ।

## ६. प्रदेश स्तरमा बैठक, तालिम गोष्ठीहरुमा सहभागिता

प्रदेश स्तरमा विभिन्न विकास साझेदार संघसंस्थाहरुको आयोजनामा भएका तालिम, गोष्ठीहरुमा सहभागिता जनाएको र यसको संक्षिप्त दस्तावेजीकरण गरेको ।

## ७. उत्कृष्ठ नगरपालिका पुरस्कारका लागि प्रश्नावली भर्न सहयोग

नेपाल नगरपालिका संघको वार्षिकोत्सवमा प्रदान गरिने उत्कृष्ठ नगरपालिका पुरस्कारका लागि प्रदेश नं. २ का नगरपालिकाहरुसँग फलो अप तथा प्रश्नावली भर्न सहयोग गरिएको छ ।

## ८. कोभिड- १९ को प्रदेशकोा अवस्था प्रतिवेदन र विवरण संकलन

प्रदेश नं. २ मा कोभिड- १९ को अवस्था प्रतिवेदन र विवरण संकलन गर्न सहयोग गरिएको ।

## ९. निरन्तर फलो-अप

**अन्य कार्यहरुः**

- प्रादेशिक समन्वय समितिको कार्यालयको बैक खाता सञ्चालन ।
- नगर सभाको बिबरण संकलन ।
- गण्डकी प्रदेशमा कार्यक्रम गर्ने दातुनिकायको बिबरण संकलन ।
- प्रदेश भित्रका १० ओटा नगरपालिकाहरुले सम्पादन गरेका सफलताका अभ्यासहरुको संकलन गरि केन्द्रमा पठाएको ।
- न्ययिक समितिले सम्पादन गरेका सफलताका अभ्यासहरुको संकलन गरि केन्द्रमा पठाएको ।
- नगरपालिका संघ केन्द्रीय कार्यसमितिबाट माग भएका नगरपालिकाहरुका २ ओटा योजनाहरु संकलनको लागी सहजीकरण गरेको ।
- Urban Dabali को बैठकमा सहभागीता भएको ।
- नेपाल नगरपालिका संघको रणनितिक योजना निर्माणमा सहभागीता भएको ।
- गण्डकी प्रदेश सरकारले आयोजना गरेका स्थानीय सरकार सम्बन्धी कार्यक्रमहरुमा सहभागीता भएको
- परियोजना प्रस्तावना तयारी गरेको ।
- प्रादेशिक समन्वय समितिको कार्यालय पोखरामा कानुनी बैक स्थापना गरिएको जसमा प्रदेश भित्रका नगरपालिकाहरुले निर्माण गरेका ऐन , कानुन र कार्यबिधिहरु संकलन गरिएको छ ।
- शहरी गरिबी र पर्यटन बिकासमा अबधारण पत्र समुह गत कार्य सम्पन्न ।
- शहरी गरिबी र पर्यटन बिकासका क्षेत्रका बिज्ञ व्यक्तिहरुको बिबरण संकलन ।
- नेपाल नगरपालिका संघको रणनीतिक योजनामा समुहगत छलफल गरि ६ क्षेत्र मध्येमा अन्तरसरकारी सम्बन्धमा रणनीतिहरु र कार्यनीतिहरुको आधारमा कार्यक्रम तयार गरिएको ।
- नगरपालिकाहरुले कोरोना रोकथामको लागी निर्माण अस्थाई अस्पताल र बेड संख्याको बिवरण संकलन गरेको ।
- नगरपालिकाहरुले आफनो नगर क्षेत्रमा बिदेशबाट आएको नागरिकहरुको तथ्याङ्कहरुको बिवरण संकलन गरेको ।
- नेपाल नगरपालिका संघले तयार गर्ने बार्षिक क्यालिन्डर (Calendar ) को लागी फोटाहरु संकलन गरेको ।
- नगरपालिकाहरुले कोरोना रोकथामको लागी निर्माण गरेका विपद् व्यवस्थापन कोषहरुको तथ्याङ्कहरु संकलन गरेको ।
- कोभिड-१९ का कारण भएको लकडाउन अवधिमा भएका नेपाल नगरपालिका संघको भर्चुअल बैठकहरुमा सहभागी भएको ।
- प्रदेश नं. २ मा विभिन्न चरणमा भएका सामाजिक आर्थिक क्लस्टरको बैठकमा सहभागिता जनाएको र बैठकको माईन्युट तथा प्रतिवेदन तयार गर्न सहयोग गरेको ।
- यु.एन.डि.पी. नेपाल र प्रदेश नं. २ का उपमेयरहरुसँगको बैठकमा सहभागिता जनाएको र बैठकको माईन्युट तयार गर्न सहयोग गरेको ।

- यु.एन.डि.पी. नेपाल फिल्ड कार्यालयलाई आवश्यक्ता अनुसार कार्य सम्पादन गर्न सहयोग गरेको ।

# बागमती प्रदेश

### बागमती प्रदेश कार्यालये प्रगती तथा उपलब्धीहरु

### नेपाल नगरपालिका संघस्थानीय सरकार संचालन ऐन संशोधनका लागि सुझाव संकलन वेविनार

स्थानीय तहका निर्वाचन भइसकेपछि स्थानीय सरकार सञ्चालन ऐन २०७४ आएको र हाल नेपाल सरकारले उक्त ऐनलाई संशोधन गर्न लागेको छ । ऐनमा भएको प्रावधानमा संशोधन गर्नुपर्ने देखिएका दफा, उपदफा बारे छलफल र सुझाब संकलन गनर्ने उद्देश्यले संघले बागमती प्रदेश अन्तर्गतका सम्पूर्ण महानगर/उपमहानगर र नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृतहरुको सहभागितामा २०७७ भाद्र ११ गते भर्चुअल वेविनार सम्पन्न गरिएको छ ।

### दिसाजन्य लेदो ब्यबस्थापन तथा सेप्टिक टंकी निर्माण निर्देशिका भर्चुअल अभिमुखीकरण कार्यक्रम

शहरी सरसफाई तथा दिगो विकास लक्ष्य ६.२ अन्तरगत सुरक्षित सरसफाई प्राप्तिका लागि नेपाल नगरपालिका संघद्वारा संचालित दिसाजन्य लेदो ब्यबस्थापना सम्बन्धी सरसफाई पैरवी परियोजना "दक्षिण एसियाली संजालमा सरसफाई पैरवी परियोजना " अन्तरगत संघको आयोजनामा तथा परियोजनाका प्राबिधिक साझेदार संस्था वातावरण तथा जनस्वास्थ्य संस्था (एन्फो) को सहजिकरंणमा २०७७ भाद्र २५ गते बागमती प्रदेशमा दिसाजन्य लेदो ब्यबस्थापन र सेप्टिक टंकी निर्माण निर्देशिका समबन्धी अभिमुखीकरण कार्यक्रमहरु सम्पन्न भयो ।

### बागमती प्रदेश स्तरीय अन्तरसरकारी वित्तीय हस्तान्तरण सम्बन्धी भर्चुअल संवाद कार्यक्रम

राष्ट्रिय प्राकृतिक श्रोत तथा वित्तआयोगको समन्वयमा नेपाल नगरपालिका संघ र गाँउपालिका राष्ट्रिय महासंघ नेपालको आयोजनामा स्थानीय सरकारका लागि अन्तरसरकारी वित्तीय हस्तान्तरणका विद्यमान सवालहरु बिषयक बागमती प्रदेश स्तरिय भर्चुअल संवाद कार्यक्रम २०७७ भाद्र ३१ गते सम्पन्न भएको छ । नेपाल सरकारले संकलन गरेको राजश्व संघ, प्रदेश र स्थानीय तहमा न्यायोचीतवितरण गर्नुपर्ने, राजश्व बाँडफाँड सन्तुलित र पारदर्शी हुनुपर्ने संवैधानिक व्यवस्था बमोजिम कार्यान्वयन तहमा देखिएका जटिलता र समस्याहरुको समाधान तथा न्यूनीकरणका गर्ने उद्देश्यले कार्यक्रम संचालन गरिएको थियो ।

### बाझिएका ऐन कानूका बिषयमा वेविनार

नेपाल गरपालिका संघले सिडिएसजी परियोजना अन्तर्गत संघ प्रदेश र स्थनीय तहमा बाझिएका ऐनकानूनका बिषयमा २०७७ मंसिर ११ गते बागमती प्रदेश अन्तर्गतका नगरपालिकाका प्रमुख, उप प्रमुख र बिधाय समितिका संयोजका एवं कर्मचारीहरुको उपस्थितिमा भर्च्युअल वेनिनार सम्पन्न भएको छ । बागमती प्रदेश संयोज श्री भरत बहादुर के.सीको अध्यक्षतामा सम्पन्न कार्यक्रमा संघका केन्द्रीय अध्यक्ष श्री अशोक कुमार ब्याञ्जु श्रेष्ठले महत्वपूर्ण भनाई राख्नु भएको थियो । कानू विज्ञ श्री जोनी मैनालीको प्रस्तुती

उपर नेपाल सरकारका पूर्व मुख्य सचिव श्री सोमलाल सुवेदीले टिप्पणी गर्नु भएको थियो भने अन्य सहभागीले पनि महत्वपूर्ण विचार राख्नु भएको थियो ।

### प्रदेश बुलेटिन मस्यौदा तयारी

नेपाल नगरपालिका संघको प्रदेश स्तरमा भएका गतिविधीहरुलाई समेटेरप्रदेश बुलेटिन प्रकाशन गर्ने निर्णय बमोजिम सो कार्यको थालनी भएको छ ।सोही अनुरुप बागमती प्रदेश अन्तर्गतको बुलेटिनको अन्तिम मस्यौदा तयारी भई प्रकाशनको तयारी हुदैछ ।

### VNR प्रश्नवली

VNR प्रश्नवली भरी बागमती प्रदेश भित्रका २ नगरपालिकाहरु कमलामाई नपा र सूर्यविनायक  नपाहरुले आर्थिक बर्षमा योजना तर्जुमा गर्दा दिगो बिकासका लक्ष्यहरु पुरा गर्नको लागी कस्तो र कति बजेट बिनियोजन गर्ने परिपाटीको भएको छ सो बिश्लेषण गरियो ।

### नगरपालिकाहरुको असल अभ्यासहरु संकलन तथा दस्तावेजीकरण

विभिन्न नगरपालिकाहरुले दीगो विकास लक्ष्यको स्थानीयकरणका लागि गरेका असल अभ्यासहरुको पहिचान, लेखन तथा सम्पादन गर्ने काम सम्पन्न भएको छ

### उत्कृष्ठ नगरपालिका पुरस्कारका लागि प्रश्नावली भर्न सहयोग

नेपाल नगरपालिका संघको वार्षिकोत्सवमा प्रदान गरिने उत्कृष्ठ नगरपालिका पुरस्कारका लागि नगरपालिकाहरुसँग फलो अप तथा प्रश्नावली भर्न सहयोग

### कोभिड- १९ को प्रदेशकोा अवस्था प्रतिवेदन र विवरण संकलन

बागमती प्रदेश अन्तर्गतका नगरपालिकाहरुबाट कोभिड- १९ को अवस्था प्रतिवेदन र विवरण संकलन गर्न सहयोग गरिएको ।

### अन्य कार्यहरु

- नेपाल नगरपालिका संघ प्रदेश नं. ३ प्रदेश समिति र गाँउपालिका  राष्ट्रिय महासंघ नेपाल प्रदेश नं. ३ प्रदेश समिति वीच संयुक्त बैठक प्रदेश नं. ३ को राजधानी हेटौंडामा सम्पन्न गरी मिति २०७५ साल चैत्र १७ गते आएको हावा हुरीका कारण प्रदेश नं. २ का बारा , पर्सा लगाएत अन्य जिल्लाहरुमा भएको मानवीय तथा भौतिक क्षतिप्रति शोक प्रस्ताव पारित गर्ने निर्णय गरिएको साथै विपद्को दुखद् घडिमा पिडित समुदायलाई आवश्यक सहयोग गर्न प्रदेश नं. ३ अन्र्तगतका न.पा तथा गा.पा अनुरोध गरिएको ।

- स्थानीय सरकारका एकल अधिकारका सन्दर्भमा संघ तथा प्रदेश सरकारका तर्फबाट अधिकार प्रयोगमा भएको कानुनी बाधा अड्चनका सन्दर्भमा बागमती प्रदेशका मुख्य मन्त्री माननीय डोर मणि पौडेलज्यू लाई ध्यानाकर्षण पत्र बुझाइएको ।

- संविधान प्रदत्त स्थानीय सरकारका अधिकारका सन्दर्भमा विभिन्न किसिमका गोष्ठी तथा कार्यक्रममा सहभागी भई बाझिएका कानुन, सहकार्य र समन्वयको अभावमा परेका समस्या, कर्मचारी समायोजन लगाएतका बिषयमा रहेका जटिलता आदिबारे पृष्ठपोषण गरीएको साथै केन्द्रिय कार्यसमिति समक्ष जानकारी गराई बैठकमा छलफल गरीएको ।

- नगर सभा सम्बन्धि विवरण संकलन र अभिलेखिकरण गरिएको

- प्रदेश भित्रका नगरपालिकाहरुको बजेट, नीति तथा कार्यक्रम संकलन गरी अभिलेख गरिएको ।

- प्रदेश भित्र कार्यगरिरहेका विकास साझेदार संस्थाहरुको विवरण संकलन गरी आवश्यक सहयोगका लागि कार्यक्रम प्रस्तावको कार्य थालनी गरिएको ।

- आगामी कृषिको आधार तयार गर्ने उद्धेश्यले कृषि तथा पशुपक्षिं विकास मन्त्रालयसंग साझेदारी गरी कार्य आरम्भ गरिएको ।

- संघ,प्रदेश र स्थानीय सरकार समन्वय र सहकार्य विषयक अन्तरसंवाद कार्यक्रम गएिको ।

- संघ,प्रदेश र स्थानीय सरकारका संबिधान प्रदत्त साझा सुचीका अधिकारका विषयमा प्रदेश स्तरिय संवाद कार्यक्रम सम्पन्न ।

- प्रदेश समन्वय परिषद् संचालन तथा व्यवस्थापन ( नमुना ) कार्यविधि अन्तर्क्रिया कार्यक्रम

- न्ययिक समितिले सम्पादन गरेका सफलताका अभ्यासहरुको संकलन र पुस्तक प्रकाशनको तयारी ।

- प्रदेश समन्वय परिषद्को बैठकमा पारित भएका न.पा का योजनालाई प्रदेशले बजेट विनियोजन गर्न पहल गएिको

- कोभिड १९ रोकथामा तथा नियन्त्रणका लागि आवश्यक थप आर्थिक तथा अन्य सहयोगका लागि बागमती प्रदेश सरकार समक्ष पत्राचार गरिएको ।

- बागमती प्रदेश अन्तर्गतका न.पाहरुका नगर प्रमुख, उपप्रमुख, प्रमुख प्रशासकिय अधिकृत समावेश बजेट, नीति तथा कार्यक्रम सम्बन्धि अन्तर्क्रिया कार्यक्रम सम्पन्न ।

- कोभिड१९ सम्बन्धि प्रदेश अन्तर्गतका विवरणहरु संकलन

- स्वास्थ्य सामाग्री बितरण : Surgical mask , Gloves , Sanitizer and Thermal Gun

# गण्डकी प्रदेश

**प्रदेश कार्यालय स्थापना देखी हाल सम्मको प्रगती तथा उपलब्धीहरु**

- संस्थागत बिकास तर्फ :
- नेपाल नगरपालिका संघ गण्डकी प्रदेश समितिको ३ ओटा बैठक सम्पन्न ।
- पहिलो बैठक : २०७६ भाद्र २२मा पोखरामा सम्पन्न यस बैठकले प्रदेश कार्यालय व्यवस्थापन , बैक खाता सञ्चालन
- प्रदेश प्रबन्धकको सेवा सुबिधा , आ ब २०७६।२०७७ को बार्षिक वजेट तथा कार्यक्रम , कानुनी बैक स्थापना र प्रादेशिक भेला आयोजनाको मिति , स्थान समेत निर्णयहरु गरेको छ।
- दोस्रो बैठक : २०७६ असोज ९ मा बेसशिहर नगरपालिकामा बसेको प्रदेश समितिको निर्णय बमोजिम सबै नगरमा पालोपालो बैठक बस्ने नीति बमोजिम बेसीशहरमा सपन्न बैठकका निर्ययहरु : प्रादेशिक भेला व्यवस्थान उप समिति गठन र भेलाको लागी प्रमुख अतिथि लगायत निर्णय गरेको छ ।
- भर्च्युअल बैठक : २०७७ बैशाख १२मा कोरोनाको महामारीको बारेमा नगरपालिका संघ गण्डकी प्रदेशको बैठक बसेको जसको निर्णयहरु कोरोनाको महामारीको व्यबस्थापनका अनुभबहरु सटासाट र नगरपालिकाहरुले गरेका कार्यहरुको बिबरण संकलन गर्ने निर्णय गरेको छ ।
- प्रादेशिक समन्वय समितिको बैठक सबै पालिकामा पालैपालो गर्ने नीति लिई सोहि अनुसार बैठक बसेको ।
- नगरपालिकाहरु सँग सदस्यता शुल्क संकलन । २७ ओटा नगरपालिकाहरु मध्येमा २४ ओटा नगरपालिकाहरुको सदस्यता शुल्क संकलन भएको । ३ ओटा नगरपालिकाहरुको संकलन हुन नसकेको ( शुक्लगण्डकी नपा जैमिनि नपा र ढोरपाटन नपा)
- प्रदेश कार्यालयको गतिबिधिहरु र प्रदेश भित्रका नगरपालिकाहरुको गतिबिधिहरु संकलन गरि ई नगर बुलेटिन प्रकाशनको सुरुवात गरिएको छ ।

**क्षमता अभिबृद्धि तर्फ**

नगर प्रमुख हरु सँग आर्थिक बर्ष २०७७/०७८ मा नीति तथा कार्यक्रम तर्जुमा गर्दा के कस्ता क्षेत्रहरुमा प्राथमिकता दिने भनेर नीति र कार्यक्रम सम्बन्धमा २७ ओटा नगर प्रमुख र उप प्रमुख हरुको सहभागीतामा भर्च्युअल मार्फत अन्तकृया सम्पन्न अन्तकृयाको सहजीकरण राष्ट्रिय योजना आयोगका पुर्व उपाध्यक्ष श्री डा. स्वाणिम वाग्ले र नेपाल सरकारका पुर्व सचिब श्री पूर्णचन्द्र भट्टराईले गर्नु भएको ।नगर उप प्रमुखहरुसँग राजश्व परार्मश सम्बन्धी २७ नगर उप प्रमुखहरु सँग जुम बैठक मार्फत अन्तकृया सम्पन्न अन्तकृयाको हजीकरण राजश्व बिज्ञ श्री बिके महर्जन ले गर्नु भएको ।

**अन्तर सरकारी समन्ध तर्फ**

प्रदेश समन्वय परिषद(सञ्चालन तथा व्यवस्थापन) सम्वन्धी नमुना कार्यविधि”को अन्तकृया मिति २०७६ भाद्र २२ मा गण्डकी प्रदेश सभाका सभामुख , प्रदेशका माननीयहरु २७ नगरपालिका बाट नगर प्रमुख र उप प्रमुखको सहभागीतामा भेला सम्पन्न ।

- मिति २०७६ मंसिर ४ मा .मुख्यमन्त्री सँग नगर प्रमुख र उप प्रमुख बिच अन्तर सरकार संवाद कार्यक्रमका सम्पन्न ।

- स्थानीय सरकारको लागी अन्तरसरकारी वित्त हस्तान्तरण सम्बन्धी अन्तरकृया बित्त आयोगको प्राबिधिक सहयोगमा नेपाल नगरपालिका संघ र गाँउपालिका महासंघको सम्युक्त आयोजनामा मिति २०७७ भाद्र २८ गते गण्डकी प्रदेश भित्रका ८५ ओटा स्थानीय तहसँग अन्तरसरकारी वित्त हस्तान्तरण सम्बन्धी अन्तरकृया सम्पन्न ।

**प्राविधिक परामर्श र सहयोग तर्फ**

गण्डकी प्रदेश भित्रका २७ नगरपालिकाहरु मध्येमा १४ नगरपालिकालाई स्वास्थ्य सामाग्री बितरण सम्पन्न ।

| | | | |
|---|---|---|---|
| १ | मध्यबिन्दु नगरपालिका नवलपुर | ८ | पोखरा महानगरपालिका काश्की |
| २ | कावासोती नगरपालिका नवलपुर | ९ | भिमाद नगरपालिका तनहुँ |
| ३ | देवचुली नगरपालिका नवलपुर | १० | शुल्कगण्डकी नगरपालिका तनहुँ |
| ४ | चापाकोट नगरपालिका स्याङ्जा | ११ | भानु नगरपालिका तनहुँ |
| ५ | गल्याङ नगरपालिका स्याङ्जा | १२ | गोरखा नगरपालिका गोरखा |
| ६ | ढोरपाटन नगरपालिका वाग्लुङ्ग | १३ | राइनास नगरपालिका लमजुङ्ग |
| ७ | जैमुनी नगरपालिका वाग्लुङ्ग | १४ | सुन्दरवजार नगरपालिका लमजुङ्ग |

- स्वास्थ्य सामाग्री बितरण : Surgical mask , Gloves , Sanitizer and Thermal Gun
- मिति २०७७ भाद्र २२ मा नेपाल नगरपालिका संघ गण्डकी प्रदेशको आयोजनामा गण्डकी प्रदेश भित्रका २७ नगरपालिकाका नगर प्रमुख र ईन्जिनियर सँग दिशाजन्य लेदो पदार्थ व्यवस्थापन र स्यफटी टंक्की व्यबस्थापन सम्बन्धी अन्तरकृया सम्पन्न ।
- VNR प्रश्नवली भरी प्रदेश भित्रका २ नगरपालिकाहरु वालिङ नपा र फलेवास नपाहरुले आर्थिक बर्षमा योजना तर्जुमा गर्दा दिगो बिकासका लक्ष्यहरु पुरा गर्नको लागी कस्तो र कति बजेट बिनियोजन गर्ने परिपाटीको बिश्लेषण गरियो ।
- गण्डकी प्रदेश भित्रका २७ नगरपालिकाका नगर प्रमुख र उप प्रमुखहरुको कोरोना सम्बन्धी स्वास्थ्य बिर्मा सम्पन्न गरियो ।

**पैरवी र वकालत सम्बन्धी :**

- स्थानिय सरकार सञ्चालन ऐन २०७४ संशोधन सम्बन्धी राय सुझाब संकलन नेपाल नगरपालिका संघ गण्डकी प्रदेशले मिति २०७७ भाद्र १६ गते दिन भर्चुअल बैठक मार्फत हाल सञ्चालनमा रहेको स्थानीय सरकार सञ्चालन ऐन २०७४ माथि संशोधनको लागी राय सुझाब संकलन सम्बन्धी १ दिने अन्तकृया गरि स्थानीय सरकार सञ्चालन ऐन २०७४ मा राय सुझाब संकलन गरिएको छ ।

**अन्य कार्यक्रमहरु**

- प्रादेशिक समन्वय समितिको कार्यालय पोखरामा कानुनी बैक स्थापना गरिएको जसमा प्रदेश भित्रका २७ ओटा नगरपालिकाहरुले निर्माण गरेका ऐन , कानुन र कार्यबिधिहरु संकलन गरिएको छ ।
- प्रादेशिक समन्वय समितिको कार्यालयको बैक खाता सञ्चालन ।
- हिउँदे नगर सभाको बिबरण संकलन ।

- गण्डकी प्रदेशमा कार्यक्रम गर्ने दातृनिकायको बिबरण संकलन ।
- प्रदेश भित्रका २७ ओटा नगरपालिकाहरुले सम्पादन गरेका सफलताका अभ्यासहरुको संकलन गरि केन्द्रमा पठाएको ।
- न्यायिक समितिले सम्पादन गरेका सफलताका अभ्यासहरुको संकलन गरि केन्द्रमा पठाएको ।
- नगरपालिका संघ केन्द्रीय कार्यसमितिबाट माग भएका नगरपालिकाहरुका २ ओटा योजनाहरु संकलनको लागी सहजीकरण गरेको ।
- Urban Dabali को बैठकमा सहभागीता भएको ।
- नेपाल नगरपालिका संघको रणनितिक योजना निर्माणमा सहभागीता भएको ।गण्डकी प्रदेश सरकारले आयोजना गरेका स्थानीय सरकार सम्बन्धी कार्यक्रमहरुमा सहभागीता भएको ।
- परियोजना प्रस्तावना तयारी गरेको ।
- पोखरा महानगरपालिकाको नगर सभामा र विपद् जोखिम न्युनीकरण कार्ययोजना निर्माणमा सहभागीता भएको
- पोखरा महानगरपालिकामा आउने अन्य नगरपालिकाका पदाधिकारीहरुसँग सिकाई आदान प्रदानमा सहभागीता भएको ।
- शहरी गरिबी र पर्यटन बिकासमा अबधारण पत्र समुह गत कार्य सम्पन्न ।
- शहरी गरिबी र पर्यटन बिकासका क्षेत्रका बिज्ञ व्यक्तिहरुको बिबरण संकलन ।
- नेपाल नगरपालिका संघको रणनीतिक योजनामा समुहगत छलफल गरि ६ क्षेत्र मध्येमा अन्तरसरकारी सम्बन्धमा रणनीतिहरु र कार्यनीतिहरुको आधारमा कार्यक्रम तयार गरिएको ।
- नगरपालिकाहरुले कोरोना रोकथामको लागी निर्माण अस्थाई अस्पताल र बेड संख्याको बिवरण संकलन गरेको ।
- नगरपालिकाहरुले आफनो नगर क्षेत्रमा बिदेशबाट आएको नागरिकहरुको तथ्याङ्कहरुको बिवरण संकलन गरेको ।
- नेपाल नगरपालिका संघले तयार गर्ने बार्षिक क्यालिन्डर (Calendar ) को लागी फोटाहरु संकलन गरेको ।
- नगरपालिकाहरुले कोरोना रोकथामको लागी निर्माण गरेका विपद् व्यवस्थापन कोषहरुको तथ्याङ्कहरु संकलन गरेको ।
- नगरपालिकाहरुले लकडाउनमा परेर आफनो दैनिक गाँसवासको व्यवस्थापन गर्ने नसकेका श्रमीकहरुलाई बितरण गरेको राहतको तथ्याङ्कहरु संकलन गरेको ।
- लकडाउनमा परेर स्वास्थ्य संस्था सम्म जान नसकेका जेष्ठ नागरिकहरुलाई घरदैलोमा नै गएर नगरपालिकाहरुले स्वास्थ्य सेवा प्रदान गरेको बिबरण संकलन गरेको
- RDTS गरेका व्यक्तिहरुको बिबरण संकलन गरेका
- कर्मचारी बैठकमा सहभागी भएको
- १ महानगर र २६ नगरपालिकाका नगर प्रमुख र उप प्रमुखलाई बिश्वव्यापी महामारीमा आफु सुरक्षित रहदै आफनो नगरवासीलाई सुरक्षित राख्नको लागी प्रदेश संयोजकको तर्फबाट अपिल तयार गरिएको

# लुम्बिनी प्रदेश

## १. क्षमता विकास सम्वन्धी गतिविधीहरु

### क. सरसफाई सम्वन्धी कार्यक्रमको साथै प्रादेशिक सम्मेलन सम्पन्न

नेपाल नगरपालिका संघ प्रादेश कार्यसमितिको कार्यालय वुटवलको आयोजनामा मिति २०७६ जेष्ठ १८ गते सहरी सरसफाई अभिमुखिकरण तथा ५ नं प्रदेशस्तरीय नगर सम्मेलन सम्पन्न भयो । नेपाल नगरपालिका संघ प्रदेश नं ५ का संयोजक श्री शिवराज सुवेदीज्यूको अध्यक्षतामा भएको कार्यक्रमको प्रमुख अतिथीमा संघका केन्द्रीय अध्यक्ष अशोक कुमार व्याञ्जुज्यू हुनुहुन्थ्यो । कार्यक्रममा नगरपालिका संघका कार्यकारी निर्देशक श्री कलानिधि देवकोटाज्यूले कार्यक्रमको उद्धेश्य माथि प्रकाश गर्नु भयो । उहांले नगरपालिका संघको निर्णय अनुसार ७ वटै प्रदेशहरुमा प्रदेश स्तरवाट सदष्य नगरपालिकाहरुलाई नजिकवाट सेवा दिने र प्रदेश सरकार संग संविधानका साझा अधिकारका विषयमा नीतिगत पैरवी उद्धेश्यले संघको प्रादेशिक कार्यालय स्थापना भएको कुरा स्पष्ट गर्नु भयो । कार्यक्रममा संघका अध्यक्षले उद्घाटन मन्तव्य दिदै नगरपालिका संघवाट अहिले सम्म भएका वहस पैरवीमा सम्वन्धमा प्रकाश पार्नु भएको थियो । भेलाको सञ्चालन तथा सहजिकरण नेपाल नगरपालिका संघका प्रदेश स्थित कर्मचारी श्री हर गोविन्द पाण्डेवाट भएको थियो । कार्यक्रमको दोश्रो सेसनमा दिसाजन्य लेदो पदार्थको व्यवस्थापन सम्वन्धमा श्रोत व्यक्तिवाट प्रस्तुतिकरण एवं सहजिकरण गरिएको थियो ।

### ख. वडा कार्यालयवाट हुने सेवा प्रवाह र सिफारिस सम्वन्धी अन्तर नगरपालिका सिकाई कार्यक्रम

**भुमिका :** २०७६ कार्तिक ६ र ७ गते का दिन वडा कार्यालयवाट हुने सेवा प्रवाह र सिफारिस सम्वन्धी २ दिने अन्तर नगरपालिका कार्यक्रम कोहलपुरमा सम्पन्न भयो । कार्यक्रमको अध्यक्षता नेपाल नगरपालिका संघ प्रदेश समितिका सह संयोजक एवं नेपालगञ्ज उप महानगरपालिकाका उप प्रमुख श्री उमा थापा ज्यूवाट भएको थियो । कार्यक्रमको अतित्थ्यता नेपाल नगरपालिक संघ केन्द्रिय समितिका सदष्य उवं कोहलपुर नगरपाकिाका उप प्रमुख श्री सन्जु चौधरीको रहेको थियो । कार्यक्रममा १२ वडा नगरपालिकावाट २ जना वडा अध्यक्षहरु र थप सहभागि गरि जम्मा ३५ जना उपस्थिती रहेको थियो । कार्यक्रमको सञ्चालन र सहजिकरण नगरपालिका संघका प्रदेश प्रवन्धक श्री हर गोविन्द पाण्डेवाट भएको थियो । कार्यक्रमका मुख्य प्रस्तोतकर्ता वांसगढी नगरपालिकाका प्रमुख प्रशाासकिय अधिकृत श्री अमरराज खत्रि एवं अर्का श्रोत व्यक्तिमा श्री हरिहर तिवारी थिए ।

### कार्यक्रम सार संक्षेप

कार्यक्रममा श्रोत व्यक्तिहरुवाट वडा कार्यालयको सेवा प्रावाह सम्वन्धी कानुनी एवं प्रकृयागत विषयवस्तु माथि प्रस्तुतिकरण र सहभागिहरुको विचमा छलफल भयो । यसैगरी सहभागि नगरपालिकाहरुको तर्फवाट नगरपालिकाहरुका वडाहरुमा भए गरेका असल अभ्यासहरु एवं समस्या चुनौतीहरुको प्रस्तुतिकण र यस उपर छलफल एवं जिज्ञासाहरु राख्ने र सहभागिहरुवाटै उत्तर दिने कार्य गरियो । कार्यक्रमको दोश्रो दिन सहभागिहरुलाई वडाबाट प्रवाह हुने सेवा प्रवाह सम्वन्धी मस्तिष्क मन्थन अभ्यास गराईयो र अन्तिममा सहभागिहरुवाट कार्ययोजना समेत तयार गरि प्रस्तुतिकरण गरियो ।

कार्यक्रममा प्रस्तुत भएका मुख्य विषयवस्तुहरु यस प्रकार रहेका छन् ।

- वडा कार्यालयहरुमा जनतावाट नजिक रहेको हुनाले सेवा लिन र समष्या परेको वखत आउने गर्दछन्

- वडा अध्यक्षहरुको भुमिका र व्यस्तता अधिक छ। खासगरि सेवाग्राहीहरुलाई विभिन्न विषयमा सिफारिस गर्दा कागजात र प्रमाण आधारमा मात्र काम गर्न आवष्यक छ। दया र मायाको आधार भन्दा कानुनी आधारवाट काम गर्नु पर्दछ । केही ठाऊंहरुमा वडा अध्यक्षहरु अन्जानमा वा उनीहरुलाई झुक्याएर गल्ति गरेका घटना देखिएको छ। यसले गर्दा उनिहरुलाई मुद्धा मामिलामा जान पर्नुका साथै मानसिक दवाव सृजना भएका घटनाहरु छन्।
- वडाका जन प्रतिनिधीहरुको क्षमता विकास गर्ने यस्तै प्रकृतिका तालिम र सिकाई कार्यक्रमहरु सञ्चालन र निरन्तरता दिनु पर्ने आवष्यका छ।
- अन्य नगरपालिकाहरुको अध्यासहरु सिक्न पाउने अवसरको कारण वास्तवमा यो कार्यक्रम तालिम भन्दा पनि उपयोगि रहेछ।

## ग. नगरपालिकाको आर्थिक विकासमा सिप तथा उद्यम विकासको भुमिका सम्वन्धी अन्तर नगरपालिका सिकाई कार्यक्रम

**भुमिका:** २०७६ मंसिर २६ र २७ गते २ दिन सम्म प्रदेश नं ५ अन्तरगत वुटवल आसपासका नगरपालिकाहरुलाई केन्द्रित गरेर नगरपालिकाको आर्थिक विकासमा सिप तथा उद्यम विकासको भुमिका सम्वन्धी अन्तर नगरपालिका सिकाई कार्यक्रम सम्पन्न भयो। कार्यक्रमको अध्यक्षता नगरपालिका संघ प्रदेश समितिका संयोजक एवं वुटवल उप महानगरपालिकाका प्रमुख श्री शिवराज सुवेदीले गर्नु भएको थियो । कार्यक्रमका विज्ञ सहजकर्तामा प्रदेश ५ अन्तरगत मेड्पा/युएनडिपि कार्यक्रमका उद्यम विषेसज्ञ श्री उत्तम श्रेष्ठ, जिल्ला घरेलु तथा साना उद्योग कार्यालय पाल्पाका प्रमुख श्री वालकेष्ण गैरे, व्यवसायीक तथा सिप विकास तालिम प्रशिक्षण प्रतिष्ठान, वुटवलका नि. प्रमुख कृष्ण प्रसाद देवकोटा साथै युएनडिपि वुटवलका प्रमुख सुदिप अर्यालको सहभागिता रहेको थियो।

२ दिन सम्म चलेको सिकाई कार्यक्रममा १७ वटा नगरपालिकाहरुवाट आर्थिक विकास महाशाखाका प्रमुख र आर्थिक विकास समिति हेर्ने संयोजक एवं वडा अध्यक्षको सहभागिता रहेको थियो। कार्यक्रमको शुरुवात संगै उद्यम विकास विज्ञज्यूवाट विद्यमान कानुनी व्यवस्था, विगतमा भए गरेका अभ्यासहरु र आगामी दिनमा प्रदेश स्तरीय उद्योग मन्त्रालयको स्थानीय सरकार संग गरिने सहकार्यको विषयमा प्रस्तुतिकरण एवं उठेका जिज्ञासाहरुको उत्तर दिएका थिए। तत् पश्चात सम्वन्धीत नगरपालिकाहरुको उद्यम र रोजगार विकास सम्वन्धी भए गरेका अभ्यासहरुको प्रस्तुतिकरण र छलफल गरिएको थियो।

## घ. नगरपालिकाहरुको नीति तथा कार्यक्रम र वजेट तयारी जुम छलफल

नेपाल नगरपालिका संघ ५नं प्रदेश प्रदेश समितिका संयोजक एवं वुटवल उप महानगरपालिकाका प्रमुख श्री शिवराज सुवेदी ज्यूको अध्यक्षता र नगरपालिका संघ प्रदेश समिति सह संयोजक एवं नेपालगञ्ज उप महानगरपालिकाका उप प्रमुख श्री उमा थापाज्यूको उपस्थितिमा प्रदेश ५ का उप महानगरपालिका एवं नगरपालिकाहरुका प्रमुख प्रशासकिय अधिकृतहरुलाई केन्द्रित गरेर मिति २०७७ आषाढ ४ गतेका दिन आ.व. २०७७/०७८ को नीति तथा कार्यक्रम र वजेट तयारी सम्वन्धमा अन्तर नगरपालिका सिकाई कार्यक्रम सम्पन्न भयो। कार्यक्रममा विज्ञ श्रोत व्यक्तिको रुपमा संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयका सहसचिव श्री विष्णु दत्त गौतमको सहजिकरण रहेको थियो।

कार्यक्रममा १५ वटा नगरपालिकावाट उपस्थित रहेको थियो । कार्यक्रमको शुभारम्भसंगै श्रोत व्यक्तिवाट महत्वपुर्ण प्रस्तुतिकरण भयो । तत् पश्चात उपस्थित नगरपालिकाका प्रमुख प्रशासकिय अधिकृतहरुवाट आ आफ्ना नगरपालिकामा खासगरि कोभिड १९ र यसवाट सृजित अवस्थालाई सम्वोधन गर्ने प्रकृतिका योजना तथा कार्यक्रम सम्वन्धी प्रश्न एवं जिज्ञासाहरु राख्ने कार्य भयो । यस सम्वन्धमा मन्त्रायलका सहसचिववाट विषय केन्द्रित जवाफ दिने कार्य भयो । कार्यक्रममा आर्थिक विधियेक तथा विनियोजन विधियेकको सम्वन्धमा लामो छलफल भएको थियो । यसै गरि आगामि वजेटले कृषि, उद्यम, शिक्षा, स्वास्थ्य तथा रोजगारी जस्ता विषयवस्तुहरु मुख्य प्राथमिकत दिनु पर्ने र नगरपालिकाको आन्तरिक श्रोत कम हुने र केन्द्र तथा प्रदेश सरकारको अनुदान पनि कम हुने संभावना देखिएको हुनाने यसै अनुसार आय र व्ययको प्रक्षेपण गर्नु पर्ने विषयमा छलफल केन्द्रित थियो ।

## २. नीतिगत पैरवी

### क. संविधानका साझा विषयमा संघ, प्रदेश र स्थानीय सरकारका विचमा अन्तर सम्वाद

मिति २०७६ पौष ८ गतेका दिन नेपाल नगरपालिका संघ प्रदेश नं ५ का संयोजक श्री शिवराज सुवेदीज्यूको अध्यक्षता र प्रदेश नं ५ का प्रदेश सभाका माननीय सभामुख को प्रमुख अतित्थ्यता एवं न.पा. संघका केन्द्रिय अध्यक्षको विशेष अतित्थ्यतामा संघ, प्रदेश र स्थानीय सरकारका साझा सुचिका विषयमा केन्द्रित अन्तरसम्वाद कार्यक्रम सम्पन्न भयो । प्रदेशका मानीय सभासदहरु र नगरपालिका र न.पा संघका कोषाध्यक्ष, केन्द्रिय तथा प्रदेश सदष्यहरु, नगरपालिका र गाऊंपालिकावाट प्रमुख एवं उपप्रमुख र अन्य सहभागिहरु समेत गरि जम्मा ६० जना महानुभावहरुको उपस्थितिमा कार्यक्रम सम्पन्न भयो । कार्यक्रममा खासगरी शिक्षा, वन, र कृषि सम्वन्धी संविधानमा रहेका साझा विषयमा केन्द्रित गरेर छलफल गरियो र प्रदेश र संघ सरकार समक्ष उक्त विषयहरुमा ध्यानाकर्षण वुंदाहरु तय गरियो ।

### ख. माननीय मुख्य मन्त्रि समक्ष ध्यानाकर्षण

मिति २०७६ पौष ८ गतेका दिन नेपाल नगरपालिका संघका केन्द्रीय अध्यक्ष अशोक कुमार व्याञ्जु, संघका महासचिव भिम ढुंगाना, नेपाल नगरपालिका संघ प्रदेश नं ५ का संयोजक श्री शिवराज सुवेदीज्यू, र संघका प्रदेश प्रवन्धक श्री हर गोविन्द पाण्डे समेत वाट प्रदेश नं ५ का माननीय मुख्यमन्त्री श्री शंकर पोखरेल समक्ष भेटघाट गरि प्रदेश र स्थानीय सरकार विचमा वजेट तय गर्दा र आयोजना कार्यान्वयन गर्दा समन्य गर्नुपर्ने, प्रदेशका विभिन्न एकाई र स्थानीय सरकारको विचमा सुचना आदान प्रदान र समन्वय हुनु पर्ने जस्ता विषयहरुमा ध्यानाकर्षण गर्नुका साथै प्रदेश सरकारको रातो कितावबाट न.पा. संघ प्रदेश कार्यसमितिको कार्यालय मार्फत सञ्चालनमा हुने विभिन्न क्षमता विकास तथा अध्ययन अनुसन्धान सम्वन्धी गतिविधीहरुको लागि नियमित वजेट प्रवन्ध गर्ने विषयमा माग गरियो । यस सम्वन्धमा माननीय मुख्य मन्त्रीवाट सकरात्मक जवाफ आएको छ ।

### ग. कोभिड १९ केन्द्रित प्रदेश कार्य समितिको जुम मिटिङ्

नेपाल नगरपालिका संघ ५ नं प्रदेश कार्य समिति सदस्यहरु एवं ५ नं प्रदेश अन्तरगत वोर्डर नगरपालिकाहरुका प्रमुख एवं उप प्रमुखज्यूहरुको विचमा जुम मिटिङ् सम्पन्न भयो । यस वैठकमा नगरपालिकाहरुवाट सम्वन्धीत नगरपालिकाहरुको तर्फवाट कोभिड १९ व्यवस्थापन सम्वन्धमा भए गरेका गतिविधीहरुको प्रस्तुतिकरण गरियो । **प्रमुख सवाल** : वोर्डरवाट भित्रिने व्यक्तिहरुको लागि क्वारेन्टाईन निर्माण र व्यवस्थापन, यातायत र प्रदेश

सरकार र अन्तर पालिकाहरुको विचको समन्वयमा आईपरेका समष्याहरु **समाधानका उपाय :** संघ र प्रदेश सरकारले समयमा नै अनुदान उपलव्ध गराउनु पर्ने, अनुदान अपुग भएका पालिकाहरुमा वन्दोवस्त गर्नु पर्ने, र वोर्डर नगरपालिकाहरुमा भारतवाट विभिन्न जिल्लामा जाने व्यक्तिहरुको चाप वढिरहेकोले वित्तिय तथा अन्य स्वास्थ्य सम्वन्धी प्राविधक पक्षमा थप अनुदान र सहयोग प्राप्त हुनपर्ने, क्वारेन्टाईनको व्यवस्थापन एकिकृत रुपमा गर्नु पर्ने, नगरपालिका र जिल्ला प्रशासन कार्यालयका समन्वय प्रभावकारी वनाउनु पर्ने, जन प्रतिनीधिहको चेक जांच र सुरक्षाको लागि ध्यान दिनु पर्ने, वोर्डरमा रहेका नगरपालिकाहरु र विदेशवाट भित्रिएका व्यत्तिहरुका सम्वन्धमा सम्वन्धीत पालिकाहरुका विचमा आपसि समन्वय र सुचना आदान प्रदान हुनु पर्ने जस्ता सुझावहरु प्रमुख एवं उप प्रमुखज्यूहरुवाट व्यक्त भयो । वैठकवाट आएका विषयवस्तु प्रदेश संयोजकवाट मुख्यमन्त्री प्रमुख रहेको प्रदेश स्तरीय कोभिड व्यवस्थापन समितिको समक्ष पेश गर्ने र तहांवाट प्राप्त सुचना नगरपालिकाका प्रमुख एवं उप प्रमखहरुलाई जानकारी गर्ने वैठकको निर्णय भयो ।

### घ. प्रदेश सरकार समक्ष ध्यानाकर्षण पत्र पेश

मिति २०७७ आषाढ २३ का दिन प्रदेश स्थित नेपाल नगरपालिका संघ र गाऊंपालिका राष्ट्रिय महासंघवाट संयुक्त रुपमा कोरोना भाईरस १९ र यसको कारण सृजित प्रदेश सरकारवाट प्राप्त विभिन्न अनुदान शिर्षकका आयोजना कार्यान्वयनको म्याद थप र श्रोत सुनिश्चितता सम्वन्धी विषमा प्रदेश नं ५ सरकार, अर्थ तथा योजना मन्त्रालय समक्ष ध्यानाकर्षण पत्र पेश गरियो ।

## ३. सुचना संजालिकरण र प्राविधिक सहयोग

### क. सदष्य नगरपालिकाहरुलाई सहयोगको लागि कानुन वैंक

प्रदेश स्थित ३६ वटा नगरपालिकाहरुको सहयोगको लागि स्थानीय सरकारका विभिन्न विषयहरुका रहेका कानुनहरु जस्तो ऐन, नियमावलि, कार्यविधी, नीति, निर्देशिका, विनियम हरु विभिन्न नगरपालिकाहरुवाट संकलन गरिएको छ । यसैगरि प्रदेश सरकारका स्थानीय सरकारसंग सरोकार राख्ने कानुनहरु पनि संकलन गरिएको छ । नगरपालिकाहरुको माग अनुसार उक्त कानुनहरु ईमेलवाट पठाउने गरेको, कानुन वनाउने श्रोतव्यक्तिको रोस्टर तयार गरि राखिएको र आवष्यकता अनुसार सम्पर्क गराउने गरिएको छ । यसैगरि नगरपालिकाहरुका विभिन्न अध्ययन सामाग्रि पनि संकलन गरि राखिएको छ ।

### ख.सदष्य नगरपालिकाहरुलाई स्वास्थ्य सामाग्रि सहयोग

नेपाल नगरपालिका संघ ५ प्रदेश कार्यसमितिको कार्यालयल वुटवलवाट प्रदेश अन्तरगतका १२ वटा खासगरी कोभिड १९ को उच्च जोखिम रहेका सदष्य नगरपालिकाहरुको लागि सहयोग ऐकिवद्धता स्वरुप नगरपालिका संघ ५ प्रदेश समितिका संयोजक एवं वुटवल उप महानगरपालिकाका प्रमुख शिवराज सुवेदीज्युवाट मिति २०७७ श्रावण ३ गतेका दिन अर्घाखांची नगरपालिकाका वडा सदष्य श्री नारायण वस्यालज्युलाई स्वास्थ्य सामाग्रि हस्तान्तरण गर्नु भयो । हस्तान्तरण कार्यक्रममा वुटवल उप महानगरपालिकाका उप प्रमुख श्री गोमा आचार्यको समेत समुपस्थिती रहेको थियो । साथै कार्यक्रममा स्थानीय सञ्चारकर्मिको समेत उपस्थिती रहेको थियो । प्रदान गरिएका सामाग्रिमा Hand Sanitizer Indian, Thermal Gun , Disposible Mask , र

